# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com




# दिवसले छुन नसकेका श्रमिक महिला

महिला दिवस कहिले पर्छ, किन मनाइन्छ थाहा छैन । हामी जस्तो श्रमिकलाई कसले भन्छ र दिवस थाहा हुनु । काम नगरी खान पुग्दैन । दिवसले हामीलाई खान दिँदैन ।

● **सुस्मिता विक**
श्रमिक, दुम्सीचौर, तनहुँ

समान कामका लागि समान ज्याला हुनुपर्छ भनेर बारम्बार आवाज उठाउँदै आएका छौं, तर सुनुवाइ हुँदैन, पढेलेखेका जागिर खाएकालाई दिवसले अर्थ दिए पनि वास्तविक सामान्य पढेका तथा अशिक्षित महिलाहरु अझै पनि दिवसको अर्थ, महत्त्व र कार्यक्रमभन्दा बाहिर रहेका छन् ।

● **इन्दिरा दरै**
उपप्रमुख, व्यास नगरपालिका



■ **मिला दरै**

**डुम्रे (तनहुँ)**– 'सबै महिला तथा बालबालिकाका लागिः अधिकार, समानता र सशक्तीकरण' भन्ने नाराका साथ नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी शनिबार ११५औं अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको छ । जिल्लाका श्रमिक महिलाहरू भने शनिबार अन्तर्राष्ट्रिय महिला दिवस हो भनेर बेखबर थिए ।

व्यास नगरपालिका-१ भादगाउँ निवासी सुष्मा गुरुङ शनिबार दमौली बजारमा इँटा, सिमेन्ट, बालुवा र गिट्टी बोक्न व्यस्त थिइन् । 'आज महिला दिवस हो र ? हामीलाई थाहा नै थिएन, दिनभर कामबाट फुर्सद हुँदैन । बेलुकी र साँझका लागि छाक जुटाउनमा व्यस्त हुन्छौं, हामीलाई न दिवस न रमाइलो गर्ने समय छ,' उनले भनिन्, 'हामी बालबच्चाको पठनपाठन र लालनपालनका लागि खर्च जुटाउन दिनभरि काममा व्यस्त हुन्छौं ।'

दमौली बजारमा सिमेन्टमा बालुवा, गिट्टी घोल्ने, ओसारपसार गर्ने र इँटा बोकेर दैनिकी चलाउँदै आएकी व्यास-१०, दुम्सीचौरकी सुस्मिता विकले कामको व्यस्तताले दिवस हो भन्ने पत्तै नभएको बताइन् । बिहान ८ बजे खाना खाएर हतारहतार घरबाट निस्केर बिहान ९ बजेदेखि घर निर्माणका लागि उनी इँटा बोक्न व्यस्त थिइन् ।

विकले भनिन्, 'दिवस कहिले पर्छ, किन मनाइन्छ थाहा छैन काम नगरी खान पुग्दैन ।' उनी महिला दिवसबारे जानकारी नै नभएको बताउँछिन् ।


⏭ क्रमशः पृष्ठ २ मा


# विधेयक अड्कियो, शिक्षक भड्किए



अहिलेलाई शिक्षकको सवाल समेटेर यही संसद् अधिवेशनमा विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्छ । शिक्षक स्थानीय तह मातहत होइन, तीनै तहको सरकारको साझा अधिकार सूचीमा पर्नुपर्छ भन्ने हो ।

■ **लक्ष्मीकिशोर सुवेदी**
अध्यक्ष, नेपाल शिक्षक संघ



शिक्षामन्त्री बिरामी हुनुभयो । उहाँ बिरामी भएपछि समितिमा छलफल अघि बढाएनौं ।

■ **अम्बरबहादुर थापा**
सभापति, शिक्षा विज्ञान तथा प्रविधि




■ **जेबी योञ्जन**

- ◆ २७ भदौ २०८० मा संसद्मा विधेयक पेस
- ◆ शिक्षा, विज्ञान तथा प्रविधि समितिमै १९ महिनादेखि विधेयक अड्कियो
- ◆ विधेयक अघि बढाउन शिक्षक महासंघको दबाब

**काठमाडौं**– विद्यालय शिक्षा ऐन संशोधन गर्न बनेको विधेयक संसद्को शिक्षा, विज्ञान तथा प्रविधि समितिमा १८ महिनादेखि अड्किएको छ । स्वार्थ समूहको दबाबले समितिमै विधेयक अड्किएको भन्दै विरोध हुँदै आएको छ ।

विधेयकसँग सरोकार राख्ने शिक्षकहरू यही विषयलाई लिएर सडकमा आएका छन् । छिटो विधेयक पारित गर्नुपर्ने उनीहरूको माग छ । नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विगतमा सरकारसँग भएका सबै सहमति सम्बोधन हुनेगरी विद्यालय शिक्षा ऐन जारी गर्न राज्यलाई दबाब दिन प्रदर्शन गर्न बाध्य भएको बताए ।

'अहिलेलाई शिक्षकको सवाल समेटेर यही संसद् अधिवेशनमा विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्छ,' उनले प्रभावसँग भने, 'शिक्षक स्थानीय तह मातहत होइन, तीनै तहको सरकारको साझा अधिकार सूचीमा पर्नुपर्छ भन्ने हो । त्यसका लागि त संविधान संशोधन गर्नुपर्छ तर अहिलेलाई शिक्षा विधेयक पारित गर्नुपर्छ ।'

तत्कालीन शिक्षामन्त्री अशोककुमार राईले २७ भदौ २०८० मा प्रतिनिधिसभामा विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक पेस गरेका थिए । विधेयक १८ महिनादेखि प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिमा विचराधीन छ । विधेयकमाथि सैद्धान्तिक छलफल भने भएको छ ।


⏭ क्रमशः पृष्ठ २ मा


**सन्दर्भः वैदेशिक रोजगार**

# युरोप पठाइदिने बहानामा दिदीभाइको ठगीधन्दा, पैसा फिर्ता माग्दा उल्टै धम्की

- ⏭ मकवानपुरकी सुरक्षा ढकाल युएईको अबुधाबीमा 'वर्कसोल एचआर कन्सल्टेन्ट्स' नामक कम्पनी खोलेर नेपालीलाई युरोप पठाउने गतिविधिमा सक्रिय
- ⏭ अबुधाबीमा बस्ने सुरक्षाले नेपालमा आफ्नो भाइ अञ्जान ढकालको खातामा जम्मा गर्न लगाउँथिन् पैसा
- ⏭ पोल्याण्ड र लिथुआनिया पठाउने भन्दै ५० जनाभन्दा बढीसँग पैसा असुलेर दिदीभाइ नै सम्पर्कविहीन
- ⏭ सामाजिक सञ्जाल टिकटकमार्फत वर्कसोलको जालोमा फसे सयौं युवा




**युएईको अबुधाबीमा सञ्चालित वर्कसोल एचआर कन्सल्टेन्ट्सकी सञ्चालिका सुरक्षा ढकाल र उनका भाइ अञ्जान ढकाल ।**

■ **ममता थापा**

**काठमाडौं**– उदयपुर गाइघाटकी लीलामाया मगरले २०८० असोज ८ गते अञ्जान ढकालको नाममा एक लाख ५० हजार रूपैयाँ जम्मा गरिन् । अञ्जान, सुरक्षा ढकालका भाइ हुन् । सुरक्षाचाहिँ संयुक्त अरब इमिरेट्स (युएई)को अबुधाबीमा रहेको वर्कसोल एचआर कन्सल्टेन्ट्स नामक कम्पनीकी सञ्चालक हुन् ।

वर्कसोलले युरोप पठाउने जानकारी लीलामायाले टिकटकबाट थाहा पाएकी हुन् । अझ टिकटक भिडियो बनाउने आफूले चिनेको बहिनी भएकाले उनी थप विश्वस्त भइन् । उनले पोल्याण्ड जानका लागि प्रक्रिया अगाडि बढाउन डेढ लाख बुझाएकी हुन् । त्यसको करिब सात महिनापछि 'वर्क पर्मिट' आयो भनियो । उनले अरु प्रक्रियाका लागि फेरि दुई लाख ५० हजार रूपैयाँ बुझाइन् । त्यसपछि के भयो भनेर बुझ्न फोन गर्दा उठ्न छोड्यो । चिनेकी बहिनी र अन्य कर्मचारीले काम छोडेको जानकारी आयो । अनि लीलामायालाई आफू ठगिएको बल्ल थाहा भयो । 'केही होला भनेर ऋण काढेर दिएको पैसा फस्यो । के गर्ने के,' उनले प्रभावसँग भनिन् ।

तनहुँकी सुनिता थापाले पनि वर्कसोलको बारेमा टिकटकबाटै थाहा पाइन् । त्यसपछि दुबईमै भएका दुई जना दाइलाई आफिसमा गएर बुझ्न लगाउँदा ठिकै छ भन्ने जवाफ आयो । सुनिताले लिथुआनिया जाने भनेर अञ्जानको नाममा गत जेठमा डेढ लाख रूपैयाँ पठाइन् । छ महिनामा काम हुन्छ भनिएको थियो । जम्मा नौ लाख रूपैयाँ तीन किस्तामा बुझाउनुपर्ने भनिएको थियो । प्रोसेस गर्दा डेढ लाख, वर्क पर्मिट आएपछि साढे दुई लाख र भिसा आएपछि पाँच लाख रूपैयाँ दिने सहमति भयो । पैसा दिएको करिब चार महिनापछि उनले यो ठगी हो भन्ने सुन्न थालिन् ।

'अहिले कम्पनीका स्टाफहरूले काम छोडिसकेका छन्, सञ्चालक सम्पर्कमा छैनन्, ह्वाट्एप्सबाहेक सबैतिर ब्लक गरिदिनुभएको छ,' उनी भन्छिन् । उनले सुरक्षाका बुबाआमालाई घरमै गएर आफ्नो समस्या सुनाइन् । बुबाआमाले सुरक्षालाई सोध्दा उनले यस्तो कामै नगरेको जवाफ दिएको बताइयो । सुनितालाई सुरक्षाले उल्टै नेपाल आएपछि मुद्दा हाल्ने धम्की दिएकी छन् । 'सबैतिर हल्ला गरेर मेरो कम्पनी घाटामा गएको छ । म नेपाल आएपछि केस गरिदिन्छु भन्नुभएको छ,'


⏭ क्रमशः पृष्ठ २ मा








## पृष्ठ १ बाट क्रमशः

## विधेयक...

दफावार छलफल सुरु हुन सकेको छैन । स्वार्थ समूहका कारण विधेयक अघि बढ्न नसकेको सरोकारवालाले बताउँदै आएका छन् । गत वर्षको ६ असोजमा सरकार र शिक्षकका प्रतिनिधिको छलफलबाट संसद्मा दर्ता विद्यालय शिक्षा विधेयक संशोधन छिटो गर्ने समझदारी भएको थियो । शिक्षकको समायोजन, तहगत प्रणाली र आवधिक बढुवाका विषयमा नेपाल शिक्षक महासंघ र विज्ञसमेतको प्रतिनिधित्व हुनेगरी अध्ययन समिति गठन गर्ने र समितिको प्रतिवेदनबमोजिम आवश्यक कानुनी प्रबन्ध गर्ने सहमति भएको थियो ।

विधेयकमा नेपालका सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकहरूको मर्यादाक्रम कायम गर्ने, कार्यसम्पादन मूल्यांकन गर्दा शिक्षकको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको मूल भूमिका हुनेगरी व्यवस्था गर्ने विषयमा सहमति जुटेको थियो ।

तर, सहमतिअनुसार संसदीय समितिमा विधेयकमाथिको दफावार छलफल अघि बढेको छैन । आन्दोलनमा उत्रिएको शिक्षक महासंघका अध्यक्ष सुवेदीले सहमतिअनुसार विधेयक अघि नबढेपछि दबाब दिन आन्दोलित हुनुपरेको बताए । 'हामी शिक्षकमाथि अपमान भयो । हामीले हाम्रो पेसागत सम्मानसँगै हाम्रो अधिकार कुण्ठित पार्ने प्रावधान हटाउनुपर्ने भनेका छौं र हामीले बेहोर्नुपरेका समस्याहरूको सम्बोधन गर्न यसअघि आन्दोलित हुँदाताका सहमतिअनुसार विधेयक अघि बढाउन दबाब दिन आएका हौं,' उनले भने ।

सरकार र शिक्षक महासंघबीच प्रजातान्त्रिक आन्दोलन तथा द्वन्द्वप्रभावित शिक्षकको सेवा अवधि गणना गर्ने व्यवस्था गर्ने पनि सहमति भएको थियो । प्रारम्भिक बालविकास शिक्षालाई शिक्षाको पूर्वाधारको रूपमा विकास गर्ने र प्रारम्भिक बालविकास सहयोगी कार्यकर्तालाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने भनिएको थियो । यसबाहेक शिक्षकको दरबन्दी मिलान तथा पद मिलानसम्बन्धी व्यवस्था स्थानीय आवश्यकता, विषयगत व्यवस्था, विद्यार्थी संख्या र विद्यार्थीको पहुँचलाई आधार बनाउने र यस विषयमा सम्बन्धित शिक्षा कार्यालयबाट समन्वय गर्ने विषयमा पनि सहमति जुटेको थियो ।

तर सहमति कार्यान्वयन नभएको भन्दै आन्दोलित हुनुपरेको नेपाल ट्रेड युनियन कांग्रेसका महासचिव अजयकुमार राईले बताए । उनले भने, 'राजनीतिक दलहरू श्रमजीवी वर्गप्रति अनुदार हुनु राम्रो होइन, सरकारले शिक्षकहरूलाई विद्यालय छाडेर आन्दोलनमा उत्रिन बाध्य पार्नु हुन्न ।' उनले सरकारले अब ढिला नगरी विद्यालय शिक्षा ऐन पारित गरेर गुणस्तरीय शिक्षाका लागि पहल थालिनुपर्ने बताए ।

प्रतिनिधिसभाअन्तर्गतको शिक्षा समितिका सभापति अम्मरबहादुर थापाले अहिले शिक्षामन्त्री बिरामी भएकाले शिक्षा विधेयकमाथिको छलफल रोकिएको बताएका छन् । 'शिक्षामन्त्री बिरामी हुनुभयो । उहाँ बिरामी भएपछि समितिमा छलफल अघि बढाएनौं,' उनले भने ।

शिक्षामन्त्री विद्या भट्टराई बिरामी छिन् । उनको हालै त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा घाँटीको अप्रेसन गरिएको छ । उनी स्वस्थ भएपछि विधेयकमाथिको दफावार छलफल समितिमा हुने थापाले बताए । उनका अनुसार हालसम्म विधेयकमाथिको प्रदेशस्तरीय छलफल सकिएको छ । अब दफाबार छलफल गरी प्रतिवेदन तयार गर्न बाँकी छ । समितिले गत ९ पुसदेखि सुदूरपश्चिम प्रदेशको धनगढीबाट पहिलोपटक प्रदेशस्तरीय छलफल थालेको थियो । संसद्को यही हिउँदे अधिवेशनमा विधेयक पारित गर्ने सरकारको तयारी छ । तर, विधेयकमाथिको छलफल समितिमै नहुँदा भने शंका उत्पन्न भएको छ ।

विधेयकमार्फत सरकारले पहिलोपटक शिक्षणको भाषा तोकेको छ । गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी भाषामा पढाउनुपर्ने व्यवस्था विधेयकमा छ । त्यस्तै, शिक्षणको माध्यम नेपाली, संस्कृत, मातृभाषा वा अंग्रेजी हुनसक्ने विधेयकमा भनिएको छ । विधेयकले पहिलोपटक विदेशमासमेत नेपाली पाठ्यक्रमअनुसार पढाइ हुने विद्यालय खोल्न बाटो खोलेको छ । विदेशमा रहेका नेपाली कूटनीतिक नियोगको सिफारिस तथा सम्बन्धित देशले मनसायपत्र अथवा सिफारिस गरेमा त्यस्तो विद्यालय खोल्न सरकारले अनुमति दिने व्यवस्था विधेयकमा छ । त्यसैगरी विधेयकले विद्यालय स्थानान्तर, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । तर, यसरी विद्यालय गाभ्ने, स्थानान्तरण गर्ने निर्णय भने स्थानीय तहले राष्ट्रिय मापदण्डका आधारमा गर्नुपर्छ । यस्तो मापदण्ड बनाउने अधिकार विधेयकले संघीय सरकारलाई दिएको छ ।

विधेयकमा पहिलोपटक प्रधानाध्यापकको व्यवस्था राखिएको छ । यसअघि शिक्षा ऐनमा यस्तो व्यवस्था थिएन । विधेयकले प्रधानाध्यापक तोक्ने अधिकार जिल्ला शिक्षा कार्यालय प्रमुख, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा विभाग प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको छनोट समितिलाई दिएको छ । माध्यमिक तहको प्रधानाध्यपक चयन गर्दा सम्बन्धित स्थानीय तहमा माध्यमिक तह अध्यापन गराइरहेका स्थायी शिक्षकहरूबीच प्रतिस्पर्धा गराइने छ भने आधारभूत तहमा शिक्षक चयन गर्दा आधारभूत तहमा अध्यापन गराइरहेका शिक्षकबीच प्रतिस्पर्धा हुने छ ।

विधेयकले आधारभूत तहका रूपमा कक्षा १ देखि ८ र माध्यमिक तहका रूपमा कक्षा ९ देखि कक्षा १२ सम्म हुने व्याख्या गरेको छ । विधेयकमा हाल सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रमा कार्यरत सहयोगीहरूलाई प्रचलित संघीय कानुनबमोजिम हुनेगरी पारिश्रमिक दिनुपर्ने व्यवस्था गरिएको छ । विधेयकले शिक्षक सरूवाको अधिकार स्थानीय तहलाई दिएको छ । विधेयकले नयाँ शिक्षक नियुक्तिको योग्यतामा आधारभूत तहका लागि स्नातक र माध्यमिक तहका लागि स्नातकोत्तर तहको व्यवस्था राख्न प्रस्ताव गरेको छ । विधेयकका अधिकांश प्रावधानमा शिक्षकहरूको सहमति भए पनि शिक्षक स्थानीय तह मातहत हुने भन्ने बुँदामा असहमति छ । तीन तहकै सरकारको साझा अधिकार सूचीमा राख्नुपर्ने उनीहरूको माग छ ।

■■■

## युरोप पठाइदिने...

सुनिता भन्छिन्, 'ऋण काढेर दिएको पैसा माग्दा उल्टै धम्की सुन्नुपऱ्यो ।' लीलामाया र सुनिताजस्तै सुरक्षा दिदीभाइबाट ठगीमा परेकी छिन् सिन्धुपाल्चोक बाह्रबिसेकी सुजिना गोले । उनले पनि वर्कसोललाई तीन लाख रूपैयाँ बुझाएको बताइन् । पोल्याण्ड जाने प्रक्रियाका लागि नौ महिनाअघि उनले एक लाख रूपैयाँ बुझाएकी थिइन् । त्यसको करिव तीन महिनापछि वर्क पर्मिट आयो भनेपछि फेरि दुई लाख रूपैयाँ बुझाइन् । त्यसपछि भिसा लाग्ने खबर पर्खेर बसेकी सुजिनाले आफू ठगिएको खबर सुन्नुपऱ्यो । उनलाई पैसा फिर्ता लिन कागजात मेल गर्नु भनिएको थियो । उनले सबै कागजात पठाइसकेको तर पैसा फिर्ता नपाएको बताइन् ।

पीडितहरूका अनुसार वर्कसोलबाट ठगिएका करिब ५० जना ह्वाट्सएप ग्रुपमा जोडिएका छन् । टिकटकमार्फत जोडिएकाले पीडितहरू अझै बढी हुनसक्ने जनाइएको छ । लिथुआनिया जाने भनिएका पीडितहरू २५ जनाले डेढ लाख रूपैयाँ बुझाएका छन् । त्यसैगरी पोल्याण्ड पठाइदिने भन्दै साढे दुईदेखि चार लाख रूपैयाँसम्म लिएको भेटिएको छ ।

उक्त कम्पनीको सञ्चालक मकवानपुरको हेटौंडा नगरपालिका-६ की सुरक्षा ढकाल हुन् । उनले अबुधाबीबाट व्यावसायिक प्रयोजनका लागि एकल स्वामित्वमा लाइसेन्स लिएको देखिएको छ । लाइसेन्सको विवरणअनुसार सन् २०२३ जुलाईमा कम्पनी दर्ता भएको देखिन्छ । उनले टिकटकमार्फत युरोपियन मुलुकका डिमान्डहरूबारे प्रचार गर्थिन् र भाइ अञ्जान ढकालको खातामा पैसा जम्मा गर्न लगाउँथिन् । अहिले दिदीभाइ नै सम्पर्कविहीन छन् । पीडितहरूले हनुमानढोका प्रहरी कार्यालय र वैदेशिक रोजगार विभागमा उजुरी दिए पनि पक्राउ पर्न सकेका छैनन् । त्यसपश्चात् संयुक्त अरब इमिरेट्स्कै निकायमा दुई हप्ता अगाडि उजुरी दिएका छन् । त्यहाँ भएका नेपालीले दिएको जानकारीअनुसार २०-२५ दिनयता वर्कसोलको कार्यालय बन्द रहेको छ ।

■■■

## दिवसले...

'यो दिवसका बारेमा हामीलाई थाहा हुँदैन, न त हामी जस्ता श्रमिकलाई जानकारी गराइन्छ,' उनी भन्छिन्, 'दिवसले हामीलाई खान दिँदैन ।' काम गरेबापत दैनिक ६०० रूपैयाँ ठेकेदारबाट पारिश्रमिक पाउने गरेको उनले जानकारी दिइन् ।

महिला र पुरुषबीच अझै पनि ज्यालामा विभेद हुने गरेको उनीहरूको गुनासो छ । पुरुषसरह काम गरे पनि ज्याला तथा पारिश्रमिकमा विभेद रहेको विकले बताइन् । एउटै काम बराबर गरे पनि ज्यालामा असमानता रहेको गुरुङको भनाइ छ । उनले भनिन्, 'पुरुषले यही काम गर्दा एक हजार रूपैयाँ पाउँछन्, हामीलाई ६०० रूपैयाँमात्रै दिन्छन् ।' पुरुषसरह काम गरे पनि कामको मूल्यांकन भने कम हुने गरेको श्रमिक महिलाको गुनासो छ । गुरुङले भनिन्, 'थोरै आम्दानी हुने भएकाले भाडाको घरमा बस्नु परेको छ, केटाकेटी पढाउन, खान र अन्य खर्च जुटाउन सास्ती हुन्छ ।'

सरकारले एकातिर महिला सुरक्षा, सम्मान र रोजगार, समृद्धि ल्याउने भन्दै दिवस मनाइरहेको छ । तर निर्माण क्षेत्रमा दैनिक ज्यालादारीमा काम गर्ने अधिकांश महिलाले यो दिवस कहाँ र कसरी मनाइँदै छ भनेर अनभिज्ञ रहेको बताउँछन् । श्रमिक महिलाको पहिचान र सम्मानका लागि स्थानीय सरकारले खोजी गरिरहेको सूचना प्रकाशन भएको पाइए पनि यी श्रमिक महिला पर्दा पछाडि रहन बाध्य छन् । दैनिक ज्यालादारी गरेर जीकोपार्जन गर्ने अधिकांश श्रमिक महिलालाई यो दिवसका बारेमा खासै मतलब छैन । शनिबार दमौलीमा भेटिएका अधिकांश श्रमिक महिलाले दिवस मनाउने र यसका बारेमा चासो नभएको बताए ।

व्यास-३ निमचोकमा घर निर्माणका लागि बालुवा, गिट्टी घोल्दै गरेकी ऋषिङ गाउँपालिका-१ की दिलमाया थापा मगरलाई पनि दिवसले छुन सकेन । अरू दिनजस्तै उनी शनिबार पनि बिहानदेखि घरको गारो लगाउन बालुवा र सिमेन्ट घोल्ने काम व्यस्त बनिन् । 'निर्माण क्षेत्रमा काम गरेको १० वर्षभन्दा बढी भयो, अहिलेसम्म दिवस मनाएको छैन, कसैले मनाउनुपर्छ भनेर जानकारी पनि दिएका छैनन्,' मगरले भनिन्, 'काम नगरी खान पाइँदैन र पुग्दैन पनि । दिवस मनाएर हामी जस्ता कामदारलाई अर्थ छैन ।'

व्यास नगरपालिकाकी उपप्रमुख इन्दिरा दरैले महिलालाई पुग्नुपर्ने सचेतना अझैसम्म पनि पुग्न नसकेको बताइन् । सचेतनाको अभावले दिवसको दिनमा महिला काम गर्न बाध्य रहेका उनको भनाइ छ । 'ठेकेदारले महिला कामदारलाई बिदा दिनुपर्ने हो, तर दिवसप्रति गम्भीर बनाउन कुनै निकायले समन्वय नगर्दा यस्तो अवस्था आएको हो,' उनले भनिन् । ठेकेदार नै दिवसका विषयमा अनभिज्ञ हुँदा वर्षमा एकपटक मनाइने दिवसले वास्तविक श्रमिक महिलालाई छुन नसकेको उपप्रमुख दरैको भनाइ छ । उनले दीर्घकालीन सोचका साथ नीतिगत रूपमा श्रमिक महिलाको हकहितलाई समेटेर कार्यक्रम ल्याउन सकेमात्र दिवस मनाउनुको औचित्य हुने धारणा राखिन् ।

श्रमिक महिलासँगै ठेकेदारलाई समेत सचेत गराउन सक्नुपर्ने र दिवसका विषयमा जानकारी गराउन आवश्यक देखिएको उपप्रमुख दरैले बताइन् । सरकारले वास्तविक श्रमिकलाई सम्मान गर्न सकेमा मात्रै दिवसको प्रभावकारी देखिने भन्दै उनले भनिन्, 'समान कामका लागि समान ज्याला हुनुपर्छ भनेर बारम्बार आवाज उठाउँदै आएका छौं, तर सुनुवाइ हुँदैन, पढेलेखेका जागिर खाएकालाई दिवसले अर्थ दिए पनि वास्तविक सामान्य पढेका तथा अशिक्षित महिलाहरू अझै पनि दिवसको अर्थ, महत्त्व र कार्यक्रमभन्दा बाहिर रहेका छन् ।' *रासस*


### उपत्यका पृतना हेड क्वाटर, नारायणहिटी

**नाईफ रेष्टका सामानहरू खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना !**

*(प्रथम पटक प्रकाशित मिति : २०८१/११/२५ गते)*

उपत्यका पृतना हे.क्वा. नारायणहिटी हाताभित्र नाईफ रेष्टका सामानहरू आपूर्ति गर्न ईजाजत प्राप्त ईच्छुक फर्म/संस्था/कम्पनीहरूको लागि e–GP System को माध्यमबाट बोलपत्र आव्हान गरिएको छ । साथै विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np.egp हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल सरकार**
**रक्षा मन्त्रालय**
**नेपाली सेना**

### श्री वीरेन्द्र अस्पताल

**छाउनी, काठमाण्डौ**

**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**सूचना नं. २०८१/०८२/१६**

**(पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/११/२५ गते)**

१. आ.व. २०८१/०८२ मा यस अस्पताललाई आवश्यक IT Equipments e–GP System को माध्यमबाट खरिद गर्नको लागि यो १५ दिने सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशित गरिएको छ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण :

| ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | पेश गर्ने अन्तिम मिति र समय | खोलुवा हुने मिति र समय |
|---|---|---|---|---|---|
| NAWF/MH/GOODS/CHHA/2081/82/55 | Supply of IT Equipments | ३१,५००.०० | १,०००.०० | २०८१/१२/११ गते को १२:०० बजे । | २०८१/१२/११ गते को १३:०० बजे । |

३. विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा राखिएको र थप जानकारीको लागि फोन नं. ०१-५६७०९८२ मा सम्पर्क गर्नुहोला ।



**चेतनशिल सामुदायिक वनको पुनरुत्पादन कटान तथा ढलापडा रुख कटान, मुछान, ढुवानी तथा घाटगद्धी सम्बन्धी सूचना !**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/११/२५**

चेतनशिल सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.३ कपिलवस्तुको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व.२०८१/०८२ मा C1S6 सव कम्पार्टमेन्टमा पुनरुत्पादन कटानको ४९८ वटा रुखहरू को अनुमानित २३११३.१७ क्यू.फिट काठ र ४३.२३ चट्टा दाउरा तथा सम्पूर्ण वन क्षेत्रमा रहेको ढलापडा ४५ वटा रुखको अनुमानित २४३३.०६ क्यू.फिट काठ र ३.८७ चट्टा दाउरा लाई ठेक्का नं.१ कायम गरी कटान मुछान सङ्कलन ढुवानी पाइलिङ तथा घाटगद्धी कार्य घटाघट प्रथाद्धारा बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएको हुँदा सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र ठेक्का नं.१ को लागि बोलपत्र खरिद गरी ३१औं दिनको २:०० बजेभित्र शिलबन्दी बोलपत्र पेश गर्न काठ सम्बन्धी कारोबार गर्ने नियमानुसारको फर्म/संस्थाहरूलाई आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री चेतनशिल सामुदायिक वन उपभोक्ता समूह**
**शिवराज न.पा.३, कपिलवस्तु**



एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/११/२५

यस बैंकको निक्षेपकर्ता श्री राम बहादुर चन्दको नाति, श्री तेज बहादुर चन्दको छोरा, श्रीमती प्रशना सिहंको श्रीमान, बैतडी जिल्ला, गुरुखोला न.पा., वडा नं. १ घर भई हाल रुपन्देही जिल्ला, बुटवल उप-महा न.पा., वडा नं. १० बस्ने वर्ष २९ को श्री शंकर चन्द (ना.प्र.नं. ७३-०१-६९-००८६६ जारी मिति २०६९/०४/०१, जारी जिल्ला बैतडी) को मिति २०८१/०६/१२ गते असामायिक निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको श्रीमती प्रशना सिहंले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको श्रीमती प्रशना सिहंको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

आइतबार, २५ फागुन, २०८१

| | |
|---|---|
| मेष | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| वृष | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| मिथुन | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| कर्कट | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| सिंह | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कन्या | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| तुला | सुखद् समाचारले उत्साह जगाउन छ । |
| वृश्चिक | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| धनु | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| मकर | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| कुम्भ | दिगो कामको जग बसाउन सकिने छ । |
| मीन | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ फागुन, २०८१ (०९, मार्च २०२५)


| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३९.७० | १४०.३० |
| युरो | १ को | १४५.२४ | १४५.८६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.८४ | १७६.६० |
| स्विस फ्रैन्क | १ को | १५४.७३ | १५५.४० |
| अस्ट्रेलियन डलर | १ को | ८६.८२ | ८७.२० |
| क्यानाडियन डलर | १ को | ९६.७८ | ९७.१९ |
| सिङ्गापुर डलर | १ को | १०३.६० | १०४.०४ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | १९.१९ | १९.२७ |
| साउदी अरब रियाल | १ को | ३७.२५ | ३७.४१ |
| कतारी रियाल | १ को | ३८.३३ | ३८.५० |
| थाई भाट | १ को | ४.०९ | ४.११ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.०४ | ३८.२० |
| मलेसियन रिङ्गेट | १ को | ३१.३१ | ३१.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.५७ | ९.६१ |
| स्विडिस क्रोनर | १ को | १२.९८ | १३.०४ |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५६ |
| हङकङ डलर | १ को | १७.९६ | १८.०४ |
| कुवेती दिनार | १ को | ४५२.३५ | ४५४.३० |
| बहराइन दिनार | १ को | ३७०.६६ | ३७२.२५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



११५औं अन्तर्राष्ट्रिय महिला दिवसका दिन शनिबार दाङको घोराही उपमहानगरपालिका–१८ स्थित अम्बापुरका स्थानीय महिला घरायसी प्रयोजनका लागि जंगलबाट दाउरा ल्याउँदै । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# नेपालमा भेटिए छेपारोका तीन नयाँ प्रजाति




**काठमाडौं–** नेपालमा छेपारोका तीन नयाँ प्रजाति फेला परेका छन् । वेन्ट-टोड गेक्को अर्थात् माउसुली परिवारमा पर्ने यी छेपारा चितवन-अन्नपूर्ण भू-परिधिअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र चितवनको उत्तरी क्षेत्रमा फेला परेको हो ।

उक्त पहिचान तथा नामकरण गरी हालै अन्तर्राष्ट्रिय जर्नल 'जुट्याक्सा'मा प्रकाशित गरिएको अनुसन्धानकर्ता एवं संरक्षणकर्मी सन्तोष भट्टराईले जानकारी दिए । उनकै नेतृत्वको अनुसन्धान टोलीले छेपारोका उक्त नयाँ प्रजाति फेला पारेको हो । उक्त अध्ययन टोलीमा नेपालबाट सन्तोष भट्टराईको नेतृत्वमा विवेक गौतम, विशाल न्यौपाने, भारतका अक्षय खान्देकर, तेजस ठाकरे र इशान अग्रवाल, जर्मनीका फ्रान्क तिल्लक तथा अस्ट्रेलियाका आश ओल्सन, फिओना होगन र वेएन्डी राइट सहभागी थिए ।

नयाँ फेला परेका प्रजातिमध्ये चितवनको उत्तरी क्षेत्र कविलास, शक्तिखोर, गैरीवारी, उपरदाङगढीलगायत तनहुँको बन्दीपुर र दमौलीदेखि भिमादसम्म फेला परेको प्रजातिको नामकरण 'चितवन वेन्ट-टोड गेक्को' भनेर नामकरण गरिएको छ । दोस्रो प्रजाति अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत पर्ने ल्वांग, घान्द्रुक क्षेत्र तथा कास्कीको नौडाँडा क्षेत्रमा फेला परेको प्रजातिको नाम अन्नपूर्ण संरक्षण क्षेत्रले समुदायमा आधारित जैविक विविधता संरक्षणमा खेलेको भूमिकाको कदरस्वरूप तथा अन्नपूर्ण हिमशृंखलाका नाममा ' एक्याप वेन्ट-टोड गेक्को' भनेर नाम राखेको छ ।

तेस्रो प्रजाति मनास्लु संरक्षण क्षेत्रमा भेटिएको थियो । सो प्रजातिको नाम नेपालकै वरिष्ठ वन्यजन्तुविज्ञ प्रोफेसर करणबहादुर शाहले नेपालको वन्यजन्तु (खासगरी उभयचर-सरीसृप) संरक्षणमा गरेको योगदानस्वरूप सो प्रजातिको नामाकरण 'करण वेन्ट-टोड गेक्को' भनेर राखिएको छ । यसरी फेला पारिएका नयाँ प्रजाति यस अनुसन्धानका मुख्य शोधकर्ता सन्तोष भट्टराईको विद्यावारिधि अध्ययनका क्रममा सन् २०२३ को अप्रिलदेखि सेप्टेम्बरसम्म भेटिएका थिए । उक्त प्रजाति पक्का गरेपछि जर्नलमा प्रकाशित गरी हालैमात्र सार्वजनिक गरिएको हो ।

वेन्ट-टोड गेक्को प्रजातिअन्तर्गत नेपालमा पहिले पनि तीनवटा प्रजाति फेला परेका र सो प्रजातिको नमूना विदेशका संग्रहालयमा राखिएकाले अहिले फेला परेका प्रजाति संसारमै नयाँ भनेर यकीन गर्न विदेशमा संग्रहित नमूनाको अध्ययन तथा तुलना साथै तिनीहरूकै आनुवांशिक अध्ययन गरी यकीन गरिएको हो । यसरी अध्ययन गर्न नेपाल, भारत, अस्ट्रेलिया र जर्मनीका अनुसन्धानकर्ताको टोली सामेल भएको थियो । साथै सो अध्ययन टोलीले इलामबाट पहिले फेला परेको भनिएका दुई प्रजाति अनुवांशिक अध्ययन गर्दा ती प्रजाति नभई एक प्रजाति भएको यकीन गरेको छ ।

गेक्कोनिडे परिवारअन्तर्गत पर्ने यी छेपारो संसारभरि ३५० भन्दा बढी प्रजातिका पाइन्छन् भने नेपालमा अहिले फेला परेका तीन नयाँसहित जम्मा पाँच प्रजातिमात्र पाइएको छ । सरकार तथा जैविक विविधता संरक्षण गर्ने नेपालका संस्था ठूला स्तनधारी वन्यजन्तुमा मात्र केन्द्रित रहेकाले नेपालमा अझै थुप्रै प्रजातिको रेकर्ड हुन बाँकी नै रहेको संरक्षणकर्मी बताउँछन् । सरीसृपलगायत अन्य अध्ययन कम भएका प्रजातिको खोज तथा अनुसन्धानका लागि सबै सरोकारवालाले यस्ता प्रजातिको अध्ययन, अनुसन्धान तथा संरक्षणमा प्राथमिकीकरण गर्नुपर्ने देखिएको अध्ययन टोलीको नेतृत्व गरेका भट्टराईले बताए । *रासस*

# राहुघाटको बाँध पहिरोको जोखिममा



■ सन्तोष गौतम

**म्याग्दी–** नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावरद्वारा यहाँ निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको बाँध पहिरोको जोखिममा परेको छ । रघुगंगा गाउँपालिका-४ दग्नाम र ५ झिँको फेदीमा धौलागिरि हिमालको फेदीबाट बगेर आउने राहुघाट नदीको पानीलाई थुनेर सुरुङमा छिराउन निर्माणको अन्तिम चरणमा पुगेको बाँध पहिरोको जोखिममा परेको हो । दग्नाम गाउँको फेदीमा सिर्जना भएको नयाँ पहिरो राहुघाट जलविद्युत् आयोजनाको बाँधको सीधा माथि छ ।

गत वर्षको बर्खामा सोही पहिरोबाट आएको गेगर निर्माणाधीन बाँधमा थुप्रिएर क्षति पुगेको थियो । पहिरोमाथि रहेको दग्नाम गाउँ र फेदीको बाँधलाई जोखिम बनाएको छ । आयोजनाका प्रमुख राजबहादुर विष्टले पहिरोको नियन्त्रणका लागि अध्ययन थालिएको बताए । 'बाँधको ठीकमाथि नयाँ सिर्जना पहिरोले पार्न सक्ने क्षतिको आँकलन गरेर नियन्त्रणका लागि अध्ययन थालिएको छ,' उनले भने, 'प्राविधिक टोलीको अध्ययन प्रतिवेदन र सुझावको पर्खाइमा छौं ।'

सत्र मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँधसँगै राहुघाट नदीको दायाँ किनारमा डिसेन्डर (पानी थिग्राउने) पोखरी निर्माणाधीन छन् । बाँध, डिसेन्टर र इनलेट (सुरुङको प्रवेशबिन्दु) को ठीक करिब ३०० मिटरमाथि पहिरो सिर्जना भएको हो ।

यसैबीच आयोजनाको हालसम्मको भौतिक प्रगति ८२ प्रतिशत पुगेको छ । सिभिल ठेकेदार जयप्रकाश एसोसियट्सले बाँध, सुरुङ, विद्युत्गृह निर्माणको काम अन्तिम चरणमा पुर्‍याएको छ । आगामी असार १५ भित्र राहुघाट निर्माण सम्पन्न गर्ने कार्ययोजनासहित निर्माणलाई तीव्रता दिइएको आयोजनाको सिभिल महाशाखाका प्रमुख रविन कट्टेलले बताए ।

'बाँधमा ब्यारेज, छ हजार दुई सय ७० मिटर लामो मुख्य सुरुङ, सर्जसाफ्ट, ठाडो र तेस्रो प्रेसर साफ्ट र टेलरेस डग निर्माण सकिएको छ,' उनले भने, 'डिसेन्डर (पानी थिग्राउने पोखरी), पावर इन्टेक, मुख्य सुरुङलाई फिनिसिङ गर्ने र पेनस्टक पाइपलाइन जडानको काम धमाधम भइरहेको छ ।' मुख्य सुरुङको चारवटा अडिटबाट लाइनिङ (ढलान र प्लास्टर) भइरहेको छ । रघुगंगा-३ गतिल्केनीचौरमा विद्युत् गृह निर्माणको काम ९० प्रतिशत सकिएको छ । इलेक्ट्रोमेकानिकल ठेकेदार भारत हेभी इक्युभमेन्ट (भेल)ले विद्युत् गृहमा टर्वाइन, जेनेरेटरका उपकरण जडानको काम गरिरहेको छ ।

विद्युत्गृह परिसरमा एआइएस (एयर इन्सुलेटेड) प्रविधिको स्वीचयार्ड निर्माण थालिएको छ । स्वीचयार्डका उपकरणले विद्युत्गृहमा जेनेरेटरबाट उत्पादन भएको ऊर्जालाई प्राप्त गर्ने र प्रसारणलाइनमा आपूर्ति गराउँछ । विद्युत्गृहबाट निस्कने पानी कालीगण्डकीमा मिसाउने १२८ मिटर लामो टेलरेस डग निर्माण सकिएको छ । राहुघाटबाट उत्पादन हुने विद्युत् लिलो (लुप इन, लुप आउट) प्रविधिबाट २२० केभी क्षमताको कालीगण्डकी कोरिडोर दाना-कुश्मा प्रसारणलाइन (डबल सर्किट) मार्फत केन्द्रीय ग्रिडमा जोडिने भएको छ । चारवटा प्रसारणलाइनको टावर निर्माण भइसकेको छ ।

आयोजनाको सिभिल ठेकेदारसँग २०७४ मंसिर महिनामा ठेक्का सम्झौता भएको थियो । ठेक्काको ४५ महिनाको अवधिमा कोरोना महामारी, बाढी र पहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महिना म्याद थपिएको छ । कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इञ्जिनियरिङ प्रक्युमेन्ट एण्ड कन्ट्राचाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलविद्युत् आयोजना निर्माण अघि बढाइएको थियो । पहिले ३२ मेगावाटमा डिजाइन गरिएकामा पछि आठ मेगावाट बढाएर ४० मेगावाट पुर्‍याइएको हो । पहिलो कार्यतालिका र सम्झौताअनुसार आयोजना वि.सं. २०७० मा सकिनुपर्ने थियो । *रासस*

# Kamalamai Municipality

**Office Of The Municipal Executive**
**Sindhuli**
**Bagmati Province, Nepal**

## *Re-Invitation for Sealed Quotations for the* works specified in the table here under.

**Date of second publication : March 09, 2025**

1. ***Kamalamai Municipality, Office of The Municipal Executive*** invites electronic sealed quotations from Nepalese eligible bidders for the construction of ***works specified in the table herewith under*** Sealed Quotations procedures. The estimated amounts for the works are as ***stated in the table herewith.***
2. Eligible bidders may obtain further information and inspect the Sealed Quotations Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders to submit their sealed quotation electronically may download the sealed quotation documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders submitting their sealed quotations electronically only, should deposit the cost Nrs. 1,000.00 (Nrs. One Thousand) non-refundable of sealed quotations document in the internal revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the sealed quotations at the time of electronic submission of the sealed quotations. Information to deposit the cost of sealed quotations document in Bank:
   - **Name of the Bank** : Rastriya Banijya Bank, Sindhuli
   - **Name of Office** : Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli
   - **Office Code No.** : 80325401300
   - **Rajaswa Shirshak** : Anya Dastur
   - **Rajaswa Code No.** : 14249
   - **Account Name** : Ga.1.1 Antarik Rajaswa Khata
   - **Account No.** : 01060100301010003
4. Electronic sealed quotations must be submitted to the office ***Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli*** by PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 P.M.*** on ***March 24, 2025.***
5. The electronics sealed quotations will be opened in the presence of bidder representatives who choose to attend at ***1:00 P.M. on February 24, 2025*** at the office of ***Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli***. Sealed quotations must be valid for a period of ***45 Days*** after sealed quotations opening and must be accompanied by a sealed quotations security or scanned copy of the sealed quotations security in .pdf format in case of e-sealed quotations, amounting to a minimum of **as specified in the table herewith** Project's Dharauti (Deposit) account as specified below, which shall be valid for 30 days beyond the validity period of the sealed quotations.
   - **Name of the Bank** : Rastriya Banijya Bank, Sindhuli
   - **Name of Office** : Kamalamai Municipality, Sindhuli
   - **Office Account No.** : 1060100303000003
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning reason, whatsoever.

| Sealed Quotation Identification No. | Name of Works | Estimated amount excluding VAT & Contingencies (NRs.) | e-Sealed quotations security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/ Works/SQ/05/ 081/082 | Suke Khola-Sano Bhaluwahi Chor Khola to B.P. Highway Road Upgrading, Kamalamai Municipality-9, Sindhuli | 1,756,651.90 | 50,000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# वास्तविक श्रमिकसम्म नपुगेको महिला दिवस

'सबै महिला तथा बालिकाका लागि : अधिकार, समानता र सशक्तीकरण' । यो यस वर्षको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको मूल नारा हो । प्रत्येक वर्ष मार्च ८ का दिन मनाइने यो दिवस शनिबार विश्वभर मनाइएको छ । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइयो । सहरी क्षेत्रमा तामझामसाथ दिवस मनाइए पनि जिल्ला–जिल्लामा दिवसबारे श्रमिक महिलाहरू नै बेखबर देखिए । दैनिक मजदुरी गरेर बिहान–बेलुकाको छाक टार्दै आएकाहरूलाई यो दिवसले छुन सकेको देखिएन । तल्लो तहका श्रमिक महिलासम्म दिवसको जानकारी नपुग्नु विडम्बना हो । यस्तो हुँदा दिवसको औचित्यतामाथि नै प्रश्न उठेको छ ।

सन् १९७५ देखि संयुक्त राष्ट्र संघले नारी दिवस मनाउन थालेको हो । सन् १९०८ को मार्च ८ मा अमेरिकामा १५ हजार बढी महिलाले दैनिक काम गर्ने समय घटाउनुपर्ने, राम्रो तलब पाउनुपर्ने र मतदानको अधिकार दिनुपर्ने माग राख्दै प्रदर्शन गरेका थिए । सोही प्रदर्शनपछि संसारभर नै महिला अधिकारको बारेमा चर्चा हुने थालेको बताइन्छ । महिला हक र अधिकारको माग सारेर महिलाले नै संघर्ष सुरु गरेको दिनको स्मरणमा यो दिवस मनाइन्छ । विभिन्न क्षेत्रमा कार्यरत महिलाको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तीकरण अभिवृद्धि गर्ने, लैंगिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने यस दिवसको लक्ष्य रहेको छ । यसबारे तल्लो तहका श्रमिक महिलालाई पनि जानकारी गराउनु आवश्यक छ । अनिमात्र उक्त लक्ष्य पूरा हुन सक्छ ।

नेपालको संविधानले महिलाको हक मौलिक हकको रूपमा स्थापित गरेको छ । समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको राजनीतिक तथा प्रशासनिक जीवनमा अर्थपूर्णरूपमा महिलाको सहभागिता बढ्दै गएको छ । हाल संघीय संसद्मा ३४ प्रतिशत, प्रदेशसभामा ३६.५ र स्थानीय तहमा ४१.१ प्रतिशत महिला जनप्रतिनिधि छन् । यसैगरी निजामती सेवामा अहिले करिब २८ प्रतिशत महिला कर्मचारीको उपस्थिति छ ।

मुलुकको संविधानले महिलालाई अधिकार सम्पन्न बनाएको छ । तर ती अधिकार कार्यान्वयन गर्ने सन्दर्भमा भने कञ्जुस्याइँ भइरहेको छ । यसमा संविधान निर्माता दलहरू नै दोषी देखिन्छन् । महिलालाई नेतृत्व तहमा अगाडि बढाउने सवालमा दलहरूबाटै अवरोध भइरहेको आवाज उठिरहेको छ, जुन वास्तविकता पनि हो । कार्यकारी पदमा जसरी महिलालाई अगाडि बढाउन संविधानले मार्गप्रशस्त गरिदिएको छ, त्यसलाई दलहरूले इमान्दारसाथ कार्यान्वयनमा लैजानुपर्छ । त्यसपछि मात्र यस्ता दिवसका लक्ष्यले सार्थकता पाउने छ । अन्यथा यस्ता दिवसमा गरिने कार्यक्रमहरू औपचारिकतामै सीमित हुने निश्चित छ ।

# प्रमुख पदमा महिला पुग्ने बाटोमा बाधक दल



■ अमृता अनमोल

संघीय संसद् र प्रदेशसभामा ३३ प्रतिशत महिला भएजस्तै सरकार सञ्चालनका लागि मन्त्रिपरिषद्मा पनि ३३ प्रतिशत महिला सुनिश्चित गरिनुपर्छ । प्रधानमन्त्री र उपप्रधानमन्त्रीमध्ये एक महिला हुनुपर्छ । संघ र प्रदेशमा प्रत्यक्षमै ३३ प्रतिशत महिला उमेदवार बनाउनुपर्छ । स्थानीय तहमा प्रमुख वा अध्यक्षको उमेदवार बनाउँदै ३३ प्रतिशत महिला तोकिनुपर्छ । राजनीतिक दलहरूले कोटा पुऱ्याउनमात्रै महिलालाई पद दिने होइन, निर्णायक र कार्यकारी भूमिकामा लैजानुपर्छ । संविधानले महिलालाई प्रमुख पदमा पुग्न दिएको अवसर दलहरूले छेक्न हुँदैन ।

नेपालको संविधानको मुख्य उपलब्धि हो, समावेशीता । लैंगिक समावेशीता हेर्दा, संविधानले राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सुनिश्चित गर्न निर्देश गरेको छ । अर्थात् राज्य सञ्चालनका प्रमुख पदसम्म महिला पुग्ने बाटो संविधानले खोलिदिएको छ । महिलाका मामिलामा राजनीतिक दलले संविधानले खोलेको बाटो नै छेकिदिएका छन् । दलले बाटो छेकेकै कारण राज्य सञ्चालन प्रक्रियामा तीन तहकै सरकारका कार्यकारी तहमा महिला प्रतिनिधित्व कमजोर छ । सबैजसो दलले संविधानले बाध्यकारी नबनाएका पदमा महिलालाई भूमिका दिएका छैनन् । संविधानले प्रमुख वा उपप्रमुख लेखेको स्थानमा महिलाहरूलाई सहायक र 'उप' पदमा खुम्च्याएका छन् । दलीय व्यवस्थामा राजनीतिक दलले नै प्रमुख भूमिका नदिएपछि महिलाहरू सरकार प्रमुख र कार्यकारी पदमा महिला पुग्ने बाटो छेकिएको छ ।

संघीय संविधानले ल्याएको नयाँ संरचना प्रदेश तहमै हेरौं । संविधानको जगमा बनेका प्रदेश संरचनामै कार्यकारी भूमिकामा महिला सहभागिता असाध्यै कमजोर छ । संविधानले अनिवार्य गरेकाले संघीय संसद्मा जस्तै सातवटै प्रदेशसभामा ३३ प्रतिशत महिला सहभागिता छ । तर, कार्यकारी पद सरकारमा महिला सहभागिता असाध्यै दयनीय छ । प्रदेशसभासम्म आउन संविधानले अनिवार्य गरे पनि सरकारबारे संविधानमा लेखिएन । यही कारण सदनबाट सरकारमा जान आफ्नै दलले रोक्दा महिला सरकार र सदनका कार्यकारी भूमिकामा जान नसकेका हुन् ।

देशमा सात प्रदेश छन् । हाल सातवटै प्रदेशमा मुख्यमन्त्री र प्रदेश प्रमुख पुरुष छन् । प्रदेश स्थापनाको सात वर्ष पुग्दासम्म एक महिला सभामुख र एक महिला मुख्यमन्त्री बनेका छन् । अघिल्लो कार्यकालमा असाध्यै चुनौतीपूर्ण अवस्थामा बागमती प्रदेशमा करिब एक महिना एमालेकी अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनेकी थिइन् । यसबाहेक अन्य प्रदेशमा महत्त्वपूर्ण मन्त्रालयसमेत महिलाले पाएका छैनन् । सहभागिताका लागिमात्रै कतै एक त कतै दुई जनामात्रै मन्त्रिपरिषद्मा समेटिएका छन् । लुम्बिनी प्रदेशकै कुरा गरौं, सरकार स्थापनाका सात वर्षमा ५४ जना मन्त्री बनेका छन् । त्यसमा आठ जना महिलामात्रै मन्त्री बने । दुई जना राज्यमन्त्रीमा समेटिए । अरु पुरुषकै रजगज छ । यद्यपि, राजनीतिक दलका नेताहरूले एक-दुई जना महिला सहभागी गराएपछि त्यसैलाई उपलब्धिको गलत व्याख्या गर्ने गरेका छन् ।

दोस्रो कार्यकालमा कर्णाली प्रदेशले सभामुख महिला पाएको छ । एमालेकी नन्दा गुरुङ कर्णालीकी सभामुख बनेकी छन् । यसबाहेक अन्य प्रदेशमा महत्त्वपूर्ण संसदीय समितिका सभापतिमासमेत महिला छैनन् । संविधानमा सभामुख र उपसभामुखमध्ये एक जना महिला हुने भनिएको छ । यसको फाइदा उठाउँदै दलहरूले महिलालाई उपसभामुखमा खुम्च्याएका छन् । कतिसम्म भने दलहरूले दल नेता र प्रमुख सचेतकको जिम्मेवारी पनि महिलालाई दिएका छैनन् । आफ्नो दलबाट कसलाई सरकारमा पठाउने र सदनमा कस्तो भूमिका निभाउने भन्ने भूमिका तत् प्रदेशका दल नेता र प्रमुख सचेतकलाई हुन्छ । यी भूमिकामा महिला नहुँदा सदनसम्म पुगेका महिलाले आफ्नो क्षमता देखाउने अवसर पनि खोसिएको छ ।

नागरिकको ढोका अगाडिको सरकार स्थानीय तहमा हेरौं, यहाँ पनि प्रमुख तहमा महिला सहभागिता दयनीय छ । अघिल्लो निर्वाचन २०७४ मा देशका ७५३ स्थानीय तहमध्ये १८ वटा स्थानीय तहको प्रमुख एवं अध्यक्ष महिला थिए । यो संख्या बढेर हाल २५ स्थानीय तहमा महिला प्रमुख एवं अध्यक्ष बनेका छन् । तर, प्रमुख पदमा महिला पुगेको यो संख्या असाध्यै कम हो ।

स्थानीय तह निर्वाचन-२०७३ मा स्थानीय तहमा एउटै दलबाट प्रमुख उपप्रमुख वा अध्यक्ष उपाध्यक्षमा एक जना महिला हुनुपर्ने प्रावधान छ । तर, दलहरूले महिलालाई उपप्रमुख र उपाध्यक्षका मात्रै उमेदवार बनाएर प्रमुख हुने बाटो छेकिदिए । गठबन्धन गरेर दलहरू चुनाव लडेका स्थानमा त दुवै पद पुरुषले पाए । महिलाले पाएनन् । स्थानीय निर्वाचन ऐनमा गठबन्धनबारे केही लेखिएको छैन । दलहरूले फरक दलबाट चुनाव लड्दा महिला सहभागिता अनिवार्य हुँदैन भन्ने व्याख्या गरे । बल्लतल्ल उपप्रमुख बन्ने महिलाको अवसर पनि खोसियो । यसले स्थानीय तहमा प्रमुख वा अध्यक्षमात्र होइन उपप्रमुख वा उपाध्यक्ष बन्ने महिलाको अवसर पनि खोसिएको छ ।

नेपालको संविधानले तीन तहका सरकारबीच समन्वय सहकार्य र सहअस्तित्वको सिद्धान्त अँगालेको छ । यसर्थ संघीय सरकारको छाप प्रदेश र स्थानीय तहमा पर्छ । संघीय सरकारले अहिलेसम्म नेपालको प्रधानमन्त्री महिला बनाएको छैन । प्रधानमन्त्रीका लागि दाबी पेस गर्नेगरी राजनीतिक दलहरूले नेतृत्वमा महिला पुऱ्याएका छैनन् । संघमै प्रधानमन्त्री महिला नबनेपछि प्रदेशले बनाउनुपर्छ भन्ने मानसिकता नै ल्याएका छैनन् । ठूला दलमा अध्यक्ष वा मुख्य पदमा महिला नपुऱ्याउँदा त्यसको प्रतिविम्ब देशको प्रधानमन्त्रीमा दाबेदारी पेस गर्ने महिला नभएका हुन् ।

देशको मूल कानुन संविधान हो भने मूल नीति राजनीति हो । तर, ठूला राजनीतिक दलकै प्रमुख पदमा महिला छैनन् । पदाधिकारीमा पनि सहभागिता दयनीय छ । दलकै प्रमुख र निर्णायक पदमा महिला नहुँदा सरकार सञ्चालनका प्रमुख पदमा महिला नपुगेका हुन् । दलीय व्यवस्थामा राजनीतिक दलहरू नै निर्वाचनमा होमिन्छन्, जनमत लिन्छन् र सरकार सञ्चालन प्रक्रियामा जान्छन् । एक, दुई अपवादमा स्वतन्त्रबाहेक निर्वाचन प्रक्रियामा जान कुनै न कुनै राजनीतिक दलमा आबद्ध हुनुपर्छ । टिकट लिन त्यस दलको कुनै न कुनै भूमिकामा हुनुपर्छ । नेतृत्व र कार्यकारी भूमिकामा हुनेले सजिलै टिकट पाउँछन्, नहुनेले पाउँदैनन् । चुनाव जितिहाले पनि दलको नेतृत्वमा भएका सरकार सञ्चालन प्रक्रियामा सहभागी हुन पाउँछन् नहुनेले पाउँदैनन् । विडम्बना दलीय भूमिकामा महिला कमजोर हुँदा सरकार सञ्चालन प्रक्रियामा जाने बाटो पनि साँघुरिएको छ । महिलालाई नेतृत्व दिने र निर्णायक तहमा लैजाने बाटोमा दलका नेता अबुझी र असहयोगी छन् । यसले महिलाका लागि नेतृत्वमा पुग्ने बाटो अझ असहज बनेको छ ।

संविधानले संघीयता ल्यायो । संघीयताले एकात्मक र केन्द्रिकृत शासन प्रणालीलाई संघात्मक र विकेन्द्रित बनायो । पुरुषकोमात्रै रजगज चलेको शासन व्यवस्थामा महिला जाने बाटो खोलिदियो । तर, शासन व्यवस्था जस्तैः राजनीतिक व्यवस्थामा संघीयता आएन । राजनीतिक दलहरूले अहिले पनि शक्ति र स्रोत केन्द्र र पुरुषमा राख्ने प्रवृत्ति फेरेका छैनन् । संघमा हुने असर यति छिटो प्रदेशमा पर्छ कि संघीय राजनीतिमा पानी पर्दा प्रदेशले छाता ओड्नुपर्ने अवस्था छ । महिलाका मामिलामा दलहरूको सोच अझै फराकिलो बनेको छैन । महिलालाई सेवक र पुरुषलाई शासक देख्ने प्रवृत्ति अझै फेरिएको छैन । दलका नेता महिला कार्यकर्ता बन्छन् भन्नेमा निश्चिन्त छन् तर, नेता बन्छन् भन्नेमा ढुक्क छैनन् । महिला मतदाता बन्छन् तर, प्रत्यक्ष चुनावमा होमिनेगरी उमेदवार बन्न सक्छन् भन्नेमा सशंकित छन् । महिलालाई कमजोर देख्ने यही प्रवृत्तिले पुरुषले सम्हालेको राजनीतिक नेतृत्व महिलालाई दिन अटेरी गरिरहेका छन् ।

राजनीतिक दलहरूले निर्णायक तहमा महिला नपुऱ्याउनु र पुरुषमात्रै कार्यकारी भूमिकामा बस्नु संविधानको समावेशी नीतिविपरीतको काम हो । संविधानको जगमा शासन चलाएका राजनीतिक दलले संघीयताकै नीतिअनुसार सरकार सञ्चालनमा जसरी पनि महिला लैजानुपर्छ । त्यसका लागि दलहरूले पुरुषमात्रै नेता देख्ने प्रवृत्ति सच्याउन जरुरी छ । संविधानले बाध्यकारी नपारेको स्थानमा महिला नलैजाने परिपाटी नरोकिने हो भने संविधान र त्यसको आडमा बनेका ऐन परिमार्जन जरुरी छ । जस्तो कि राष्ट्रपति र उपराष्ट्रपतिमा फरक लिंगी वा समुदायको सट्टा महिला नै लेखिनुपर्छ ।

संघीय संसद् र प्रदेशसभामा ३३ प्रतिशत महिला भएजस्तै सरकार सञ्चालनका लागि मन्त्रिपरिषद्मा पनि ३३ प्रतिशत महिला सुनिश्चित गरिनुपर्छ । प्रधानमन्त्री र उपप्रधानमन्त्रीमध्ये एक महिला हुनुपर्छ । संघ र प्रदेशमा प्रत्यक्षमै ३३ प्रतिशत महिला उमेदवार बनाउनुपर्छ । स्थानीय तहमा प्रमुख वा अध्यक्षको उमेदवार बनाउँदै ३३ प्रतिशत महिला तोकिनुपर्छ । राजनीतिक दलहरूले कोटा पुऱ्याउनमात्रै महिलालाई पद दिने होइन, निर्णायक र कार्यकारी भूमिकामा लैजानुपर्छ । संविधानले महिलालाई प्रमुख पदमा पुग्न दिएको अवसर दलहरूले छेक्न हुँदैन । अब महिला सहभागिता मात्र होइन, प्रमुख पदका लागि बहस गरिनुपर्छ । *रासस*

## श्रम सरोकार

# विदेश जाँदा हुने ठगीबाट जोगिन बुझ्नुपर्ने कुराहरु

वैदेशिक रोजगारी नेपालीहरूको बाध्यता बनेको छ । रोजगारीका लागि विभिन्न मुलुकमा जाने क्रममा पाइलापाइलामै ठगिने गरेका घटनाहरू प्रशस्त घटेका छन् । त्यसैले तपाईं वैदेशिक रोजगारीका लागि जाँदै हुनुहुन्छ भने ठगिनबाट जोगिन यी विषयमा ध्यान दिन जरुरी छः

आफ्नो नागरिकता, पासपोर्ट आफैं बनाउने । वैदेशिक रोजगारको डिमाण्ड बुझ्न इजाजतप्राप्त म्यानपावर कम्पनीमा सीधा सम्पर्क राख्ने । कुनै पनि एजेन्ट, सब एजेन्टहरूसँग सम्पर्क नराख्ने । प्रत्येक त्यस्ता एजेन्ट, सब एजेन्टले कमिसनमा काम गर्ने हुँदा तिनिहरूमार्फत जाँदा कामदारहरूले बढी खर्च तिर्नुपर्ने हुन्छ । रोजगारबारे विस्तृत र आधिकारिक जानकारी म्यानपावर कम्पनीकै जिम्मेवार व्यक्तिबाट लिने ।

विदेशमा कुनै आफन्त या साथी भए उनीहरूमार्फत पनि रोजगारदाता कम्पनीबारे जानकारी लिने । पत्रिकामा निस्किने विज्ञापन र त्यहाँ उल्लेखित जानकारीहरू, तलब, सर्त, सुविधा, खर्च आदिको अध्ययन गर्ने, सत्यता रूजु गर्ने । कम्पनीकै बारेमा कुनै शंका लागे खारेजीमा परेको हो होइन आफैंले सोधपुछ गर्ने ।

स्वास्थ्य परीक्षण गर्न गराउन पनि म्यानपावर कम्पनीले तोकिदिएको संस्थामा जाने, संस्था स्वीकृति प्राप्त हो, होइन, जाँच्न सकिन्छ, यसमा पनि कुनै एजेन्टको सहयोग नलिने । म्यानपावर कम्पनीले तोकेको खर्च केका लागि हो, जायज हो होइन राम्रोसँग बुझ्ने । अन्तरवार्तामा छनोट नभई, सबै कुराहरू रोजगारका सर्त, सुविधा, खर्च आदि आफूलाई चित्त नबुझी पासपोर्ट कसैलाई पनि नदिने ।

सबै कुरा चित्त बुझेर ढुक्क भएपछि मात्र म्यानपावर कम्पनीले मागेको रकम दिने, भिसा लागिसकेपछि मात्र पूरा रकम दिने र बुझाएको सबै रकमको रसिद अनिवार्य लिने । बुझाएको वास्तविक रकमभन्दा कमको रसिद स्वीकार्नु हुँदैन ।

हाल वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति प्राप्त भएपछि मोबाइलमै पनि एसएमएसमार्फत आफ्नो भावी रोजगार गन्तव्यबारे जानकारी लिनसकिने व्यवस्था छ, यो सुविधाको उपयोग गर्ने । एयरपोर्ट जानुअघि नै सबै आवश्यक ११ किसिमका कागजातहरू बुझ्ने, साथमै राख्ने । कुनै पनि बहानामा म्यानपावर कम्पनी या तिनका एजेन्टहरूले अधिकतम रकमभन्दा बढी मागेमा दिनुहुँदैन, दिनैपर्दा सोही रकमको रसिद लिनुपर्दछ । सोही रसिदका आधारमा वैदेशिक रोजगार विभागमा ठगीको अभियोगमा म्यानपावर कम्पनीविरूद्ध उजुरी दिन सकिन्छ ।

# अस्तित्वको लडाइँमा नेपाली महिला



■ फूलमाया घिसिङ

महिलालाई भौतिक वा देखिनेगरी मात्र बलियो बनाएर हुँदैन । उनीहरूको मानसिक र मनोवैज्ञानिक अवस्था, स्वाभिमान, आत्मसम्मान, नेतृत्व, अवसर, क्षमतालगायतका पक्षहरूलाई पनि ध्यान दिनु आवश्यक छ ।

◆◆◆

## सन्दर्भः अन्तर्राष्ट्रिय महिला दिवस

नारीलाई कहिले देवीको प्रतिमूर्तिको रूपमा लिने गरिन्छ । कहिले दुर्गा, सरस्वतीको रूपमा । नारीलाई धर्तीको रूपमा प्राकृतिक शक्तिसँग तुलना गरेको पनि पाइन्छ । नारी ममताकी खानी हुन्, नारी सहनशीलताकी मुहान हुन् । त्यतिमात्र नभई नारी परिवारकी रानी हुन् । छोरी हुँदा नारी परिवारकी खुसी हुन् । बुहारी हुँदा नारी घरकी लक्ष्मी हुन् । आमा हुँदा नारी सन्तानकी सबथोक हुन् । यी त भए जिम्मेवारीले, सामाजिक मूल्यमान्यताले दिएको परिभाषा ।

अंग्रेजी भाषाको शाब्दिक अर्थमा नारीलाई 'एन एडल्ट फिमेल ह्युमन् बिइङ' भनिन्छ । नारीलाई जुनसुकै रूपमा लिए पनि, जसरी परिभाषित गरे पनि उनीहरूको स्वतन्त्रता, आत्मसम्मान र प्रतिष्ठालाई ध्यान दिन जरुरी छ । दक्षिण एसियाली मुलुक श्रीलंकाले सन् १९६० मा विश्वकै प्रथम महिला प्रधानमन्त्री पाइसकेको थियो । सन् २०२५ को विश्वकै धनी महिला एलिस् वाल्टनलाई हेर्नुहोस् । यी त भए विश्वका कुरा । नेपालकै हेरौं- महिला राष्ट्रपति, महिला प्रधानन्यायाधीश, महिला सभामुख, महिला मुख्यसचिव, महिला एआइजिपीलगायत अति विशिष्ट, विशिष्ट ओहोदामा महिला पुगिसकेका छन् । ती पदमा सहभागितामात्र होइन अब्बल, सक्षम र सफल कार्यसम्पादनसमेत भएका छन् ।

त्यसो त किन अझै महिला-महिला भन्दै वकालत गर्नु परिरहेको त ? महिलाले गर्न नसकेको के ? कहिलेसम्म 'बेइजिङ सम्मेलन'को समीक्षा गरिरहने ? नेपाल प्रहरीको केन्द्रीय तथ्यांकअनुसार वार्षिक १७ हजारको हाराहारीमा घरेलु हिंसासम्बन्धी उजुरी पर्ने गरेको देखिन्छ । बाटोमा हिँड्ने बटुवालेसमेत जिब्रो पट्काएर जिस्काउन खोज्छन् महिलालाई । कसरी हिम्मत गर्ने ती बटुवालाई प्रतिकार गर्ने ? कुन मनोबलले काम गर्ने त ? बाटोमा मात्रै होइन घरभित्रै पनि महिलामाथि हिंसा भइरहेको हुन्छ ? को हुन् त घरभित्रै हिंसाको वातावरण सिर्जना गर्ने जिम्मेवार व्यक्ति ? हरेक पल, हरेक क्षण, हरेक समयमा महिला वा नारी भएकै कारण उनीहरूले भोग्नुपरेको उपेक्षा, अवहेलना, तिरस्कार, हेपाइ इत्यादिलाई उजागर गरेको खोइ ? के-कस्ता समस्याहरू झेलिरहेका छन् त महिलाले ? जो सुकैले अनुमान गर्न सक्ने तवरले हेरौं है त !

जन्मेदेखि नै छोरी भनेर नाक खुम्च्याउँदै उनीहरूको हुर्कने, बढ्ने, सिक्ने तथा वृत्ति विकासको उमेरमा प्रशस्त माया, मनोवैज्ञानिक र अन्य सहयोगको आवश्यकता परेको बेला विभिन्न खाले धार्मिक, सांस्कृतिक र सामाजिक व्यावधानहरू खडा गरिदिएका हुन्छन् । त्यो उमेरमा भनेजस्तो, चाहेजस्तो फैलिन, हुर्कन पाउँदैनन् । जब आफ्नो बारेमा केही बुझ्न सुरु हुन्छ, त्यो समय आफ्नो हुँदैन । श्रीमान्, सासु ससुरा, घरका अन्य सदस्यलाई चित्त बुझाउनमै ठिक्क । जसरी काँक्रोलाई प्रशस्त टेका दिएर पानी, मलजल पुगेमात्र अपेक्षा गरेजस्तै फल प्राप्त हुन्छ, महिलाको सवालमा पनि त्यस्तै हो भन्ने किन बुझ्दैन समाजले ?

कतिपय महिलालाई त विवाहपछि उच्च शिक्षा लिन, घरबाहिर गएर काम गर्न, सामाजिक कार्यमा सक्रिय हुन रोक लगाएको पाइन्छ । बाहिर गएर काम गरौं घर हेर्दैन भन्ने, घर बसेर परिवार हेरौं केही गर्दैन, काम छैन भन्ने । एउटा सानो उदाहरण हेरौं- जसरी पुरुषहरू विनाकाम राति अबेरसम्म बाहिर बस्ने, खाने, रमाउने गरिन्छ, त्यसैगरी महिला सहकर्मीले पनि रमाएर हेरौं न । के हुन्छ परिस्थिति ? हरेक कोणबाट प्रश्नचिह्न खडा हुन्छ । अझ मलाई लाग्छ २४ घण्टा नपुग्दै पारपाचुकेको प्रक्रिया थालनी हुन्छ । यो त एकदमै सामान्य उदाहरण हो । यो भन्दा दर्दनाक शारीरिक, मानसिक, यौनिक, आर्थिक र मनोवैज्ञानिक समस्याहरूबाट गुज्रिरहेका छन् महिला ।

जीवनको सबैभन्दा महत्त्वपूर्ण समय, जुन उमेर सिकाइको हो, खटाइको हो, कमाइको हो, अस्तित्व निर्माणको हो, व्यक्तित्व विकासको हो । यस्तो बेला खुम्चिएर, दबिएर, पिल्सिएर, थिचिएर बस्नुपर्दा उनीहरूको मनोवैज्ञानिक, व्यक्तित्व विकासलगायतमा कति असर परेको होला ? जब प्रौढ अवस्था सुरु हुन्छ उनीहरूले भोगेका समस्याहरूको शारीरिक र मानसिक असर देखिन थाल्छ । बिस्तारै थलिन थाल्छ, विभिन्न रोगहरूको सिकार बन्छ । वर्षैपिच्छे बच्चा जन्माउँदा भित्रभित्रै खोक्रिएको पाठेघरमा समस्या देखिन थाल्छ ।

यस्तै कहालीलाग्दा समस्याहरूबाट नेपाली महिलाहरू गुज्रिरहेका छन् । कर्णाली, मधेस, हिमाल र काठमाडौंको महिलाको समस्यालाई एउटै टोकरीमा राखेर हेर्नु न्यायोचित हुँदैन । महिलालाई भौतिक वा देखिनेगरी मात्र बलियो बनाएर हुँदैन । उनीहरूको मानसिक र मनोवैज्ञानिक अवस्था, स्वाभिमान, आत्मसम्मान, नेतृत्व, अवसर, क्षमतालगायतका पक्षहरूलाई पनि ध्यान दिनु आवश्यक छ ।

विभिन्न सप्ताह, दिवश भन्दै देखावटी कार्यक्रमहरू हुन्छन् । त्यस्ता कार्यक्रमले महिलाको वास्तविक पीडा उजागर गर्न सकिरहेका हुँदैनन्, छैनन् । जतिसुकै शिक्षित र शक्तिशाली महिला भए पनि घर परिवार वा सहकर्मीको अपमानित व्यवहारहरूले मन अनिलो पारेर जिइरहेका पाइन्छ ।

नारी वा महिला जे भने पनि सबैभन्दा पहिले उनी मानव हुन्, एक सचेत प्राणी हुन् । उनीहरूको समस्यालाई छलफल, बहस, अध्ययन गरी समाधान गरिनुपर्छ । सर्वोच्च ओहोदा वा मुख्य भूमिकामा पुग्ने महिलाको बाटो अझ खुला गरिदिनुपर्छ । महिलालाई कार्यकारी भूमिकामा पुऱ्याउने कुरा भाषण र नारामा मात्रै सीमित गर्ने होइन, अब त्यसतर्फ अगाडि बढ्न ढिला नगरौं ।

*(प्रहरी निरीक्षक घिसिङ हाल प्रहरी प्रधान कार्यालय नक्सालमा कार्यरत छिन्)*



**महिला दिवसमा पदयात्रा** | सुर्खेतको वीरेन्द्रनगरमा शनिबार ११५औं अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा वीरेन्द्रनगर नगरपालिका–१० कार्यालयले निकालेको पदयात्रामा सहभागी थारु पोसाकमा सजिएका थारु महिला।
*तस्बिरः सुरेश आचार्य/रासस*

### जलवायु परिवर्तनको असर

# सगरमाथा क्षेत्रमा खाद्य सुरक्षा र महिलाको पोषणमा चुनौती



■ **सुवास दर्नाल**

**सोलुखुम्बु–** सगरमाथा क्षेत्रमा परम्परागतरूपमा उब्जाइने गहुँ, जौ, फापर जस्ता अन्नबाली अब पहिलाजस्तो उत्पादन हुन सकेका छैनन्। मौसमको अनियमितता, तापक्रम वृद्धिको असर, बेमौसमी वर्षा तथा सुक्खा मौसमका कारण खेतीपाती प्रभावित भएको स्थानीय कृषकहरू बताउँछन्।

स्थानीय महिला पासाङल्हामु शेर्पा भन्छिन्, 'पहिले यहाँ उवा, फापर प्रशस्त फल्थ्यो, अहिले खेतीयोग्य जमिन बाँझै छोड्नुपरेको छ। पानीको अभाव, माटोको उर्वराशक्ति घट्दै जानु र चरम मौसमी परिवर्तनका कारण बाली लगाउनै कठिन हुँदै गएको छ। खेती लगाउँदा पनि खासै पहिलाजस्तो उब्जाउ हुँदैन। त्यही भएर हामीले खेती लगाउनै छोडचौं।'

सगरमाथा क्षेत्रका स्थानीय बासिन्दा जलवायु परिवर्तनको असरले प्रत्यक्ष रूपमा प्रभावित भइरहेका छन्। विशेषगरी यहाँका महिला तथा बालबालिकाहरू पोषण अभावको समस्याबाट जुधिरहेका छन्। जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा आएको गिरावटले खुम्बु क्षेत्रका नागरिक प्रभावित भएका छन्। अझ बढी यस क्षेत्रका महिलाको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ। पोषणको अभावले गर्भवती महिलाको स्वास्थ्य कमजोर हुने जोखिम रहेको स्थानीय स्वास्थ्यकर्मीहरू बताउँछन्।

सन्तुलित आहारको कमीले नवजात शिशुहरूको स्वास्थ्यमासमेत प्रतिकूल असर पर्न सक्ने सम्भावना बढेको स्थानीय स्वास्थ्यकर्मी डिमडोमा शेर्पाले बताइन्। उनका अनुसार स्थानीय उत्पादन घट्दै जानु, मौसम परिवर्तनका कारण पुराना खेतीप्रणाली असफल हुनु र आयातीत खाद्य सामग्रीमा निर्भरता बढ्नुले यहाँका महिलाहरू थप समस्यामा परेका छन्।

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को)ले केही समयअघि अजरबैजानमा आयोजित कोप सम्मेलनअघि सार्वजनिक गरेको प्रतिवेदनले हिमाली क्षेत्रको तीव्रगतिमा हिउँ पग्लिरहेको जनाएको छ। हिमाली क्षेत्रमा तापक्रम वृद्धिको दर अन्यत्रभन्दा बढी छ, जसका कारण हिउँ पग्लने गति तीव्र भएको छ।

हिमाली क्षेत्रमा खेती उब्जाउमा भारी गिरावट आउँदै गएको खुम्बुको छुकुमका तेन्जिङ जाङ्बु शेर्पाको भनाइ छ। उनले भने, 'मलाई नै थाहा हुँदासम्म पनि यो वरिपरि सबै ठाउँमा लेकाली जातको फापरहरू धेरै खेती हुन्थ्यो तर अहिले हेर्नुस् त सबै जग्गाहरू बाँझै छ, खेती हुनै छोडेपछि किन दुःखमात्रै गर्नु भनेर अब त लगाउन पनि छोडियो, खै थाहा हुनेहरूले यो जलवायु परिवर्तनको असर हो भन्छन्, तर यसलाई हामीलाई धेरै समस्यामा पारेको छ।' सगरमाथा आरोहीहरूले आधार शिविरमा छोडेका फोहोरले पनि असर पुऱ्याएको छ। प्लास्टिक, खाद्यान्नका प्याकेट, तथा अन्य गैरजैविक फोहोरले हिमनदीहरूमा सूर्यको प्रकाशको प्रभाव बढाएको जानकारहरूको तर्क छ।

सगरमाथा क्षेत्रमा पर्यटन व्यवसाय फस्टाएसँगै यहाँको वातावरणमा भने प्रतिकूल असर परेको छ। पर्यटन व्यवसायी पासाङ शेर्पाका अनुसार पालिका तथा नेपाल सरकारले जतिसुकै कडाइ गरे पनि आरोहीहरूले केही मात्रामा भए पनि यहाँ आफ्नो सामग्री छोडेर फर्किन्छन्, जसले वातावरणीय असन्तुलन निम्त्याइरहेको छ। लुक्लाका स्थानीय बासिन्दा तोयाकुमार श्रेष्ठ भन्छन्, 'सधैं चाँदीझैं टल्कने हिमालहरू अहिले काला पहाडमा परिणत भइरहेका छन्। आरोहीले छोडेका फोहोर, औद्योगिक धुलो-धुँवा र विश्वव्यापी तापमान वृद्धिका कारण हिमाली क्षेत्र थप जोखिममा परेको छ।'

बाहिरी आँखाले हेर्दा खैरो हुँदै गएको मात्रै देखिए पनि जलवायु परिवर्तनले हिमाली क्षेत्रका नागरिकको दैनिकीमा नै परिवर्तन ल्याएको छ। समयमा हिमपात नहुँदा जमिनहरू सुक्खा हुँदै गएका छन् भने गर्मी हुने सिजनमा जाडो हुने र चिसो समयमा गर्मी महसुस हुने गरेको स्थानीय अमृत मगरले बताए। खेतीबाली तथा पौष्टिक तत्त्वको आपूर्तिमा नै असर परेको उनको भनाइ छ।

जलवायु परिवर्तनका कारण उच्च हिमाली भेगका महिलाको स्वास्थ्यमा दीर्घकालीन असर पर्ने सम्भावना देखिएको छ। वातावरणविद् डा. राजन थापाका अनुसार शक्ति राष्ट्रहरूले चलाएका उद्योग र विश्वव्यापी तापक्रम वृद्धिले नेपालको हिमाली क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्दै गएको छ। हिमाली क्षेत्रमा पानीको स्रोत सुकेको, हिउँ पग्लदै गएको तथा मौसमी चक्र गडबड भएको स्थानीय बासिन्दाहरू बताउँछन्।

महिलाहरू खाद्य संकटको सिकार बन्दै गइरहेका छन्, जसले उनीहरूको आर्थिक तथा सामाजिक अवस्था कमजोर बनाइरहेको छ। जलवायु परिवर्तनका असरहरू रोक्न सामूहिक प्रयास आवश्यक रहेको साथसाथै फाउण्डेसनकी अध्यक्ष एवं अभियान्ता प्रजिता कार्की बताउँछिन्। 'हिमाली भेगका महिलाहरूलाई लक्षित गर्दै विशेष स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नुपर्छ। वातावरणीय असन्तुलन न्यूनीकरणका लागि दीर्घकालीन योजनाहरू आवश्यक छ,' कार्की भन्छिन्।

स्थानीय तहका अधिकारीहरू तथा अन्तर्राष्ट्रिय संस्थाहरूले जलवायु परिवर्तन न्यूनीकरणका लागि विशेष योजनाहरू ल्याउनुपर्ने आवश्यकता औंल्याएका छन्। परम्परागत बालीहरू संरक्षण गरी जलवायु परिवर्तन अनुकूल कृषि प्रणाली विकास गर्नुपर्ने विज्ञहरूको तर्क छ। उनीहरूका अनुसार जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न दीर्घकालीन रणनीति आवश्यक छ। साना किसानहरूलाई जलवायु अनुकूल खेती प्रणाली सिकाउने, सिँचाइका लागि वैकल्पिक उपायहरू खोज्ने तथा जैविक कृषिलाई प्रवर्द्धन गर्ने नीति आवश्यक रहेको कृषि विज्ञ चन्द्रमान श्रेष्ठले बताए।

'हिमाली भेगको कृषि उब्जाउ घट्नुको मुख्य कारण नै जलवायु परिवर्तन हो, तर खेती भएन भनेर बारीहरू यतिकै बाँझो छोड्नु झन चिन्ताको विषय हो, अन्य विधिहरू अपनाउन सकिन्छ, अर्को कुरा रैथाने खेती उब्जाउ भएन भने अन्य विकसित प्रजातिहरू पनि लागउन सकिन्छ,' कृषिविज्ञ श्रेष्ठले भने। स्थानीय बासिन्दाहरूले जलवायु परिवर्तन अनुकूलनका लागि विभिन्न उपाय अपनाइरहेका छन्।

टनेल खेती, जैविक मलको प्रयोग र पारम्परिक ज्ञानमा आधारित कृषि प्रविधिहरू प्रयोग गर्न थालेका छन्। तथापि यी उपायहरू दीर्घकालीनरूपमा पर्याप्त नहुन सक्ने र थप सरकारी तथा गैरसरकारी सहयोग आवश्यक पर्ने विज्ञहरू बताउँछन्। कृषि उत्पादनमा आएको गिरावट, खाद्य असुरक्षा, पोषणको अभाव र जलवायु परिवर्तनको दीर्घकालीन असरका कारण उनीहरूको स्वास्थ्य संकट गहिरिँदै गएको छ। स्थानीय तथा अन्तर्राष्ट्रिय निकायहरूले एकजुट भएर समाधानका उपाय खोज्न आवश्यक रहेको विज्ञहरू बताउँछन्। *रासस*

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।११।१३ गते, का.जि.का.म.न.पा वडा नं.९ मा रातको अन्दाजी ८:३० बजेको समयमा पिङ्गलास्थान स्थित पार्किङ गरिराखेको रातो, कालो रङ्को 220 cc FABS Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु।

**धनीको नाम : सुनिल कुमार पौडेल**
**बाइक नं.: बा.प्र. ०२-०१९ प ९६५०**
**च्यासिस नं.: MD2A13EXXLCF82469**
**इन्जिन नं. : DKXCLF32766**
**ठेगाना: लिखु तामाकोशी-१, रामेछाप**
**सम्पर्क: ९८५१३४८४५४**

**युएइमा रोजगार** कम्पनी : **BAB AL SAJAA CEILING FIX. CONT**

पूर्व स्वीकृति मिति : २०८१/११/२४ | LT. No. 320024 | चलानी नं. ६०२३४१६३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Carpenter | 10 | 0 | 1200 | ४५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 5 | 0 | 1200 | ४५,४५० | | | | | | | |
| 3 | Steel Fixer | 5 | 0 | 1200 | ४५,४५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत्र ३ गते (16th Mar. 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SAMPAANATA OVERSEAS PVT. LTD.**
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com, info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080

**युएइमा रोजगार** कम्पनी : **ARABIAN GULF FACILITY MANAGEMENT LLC**

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | LT. No. 319839 | चलानी नं. ६०२३४१५७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner General | 100 | 0 | 900 | ३४,०८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत ३ गते (16 March 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 1518/074/075
**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल फागुन महिना २५ गते आइतबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| गोपी चेपाङको नाति मंगललाल चेपाङको छोरा धादिङ्ग जिल्ला जोगीमारा वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. १० बस्ने **विष्णुबहादुर चेपाङ** (ना.प्र.नं. : २६१/४६६ जारी मिति र जिल्ला : २०६६/०९/१७, धादिङ्ग) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) मंगल लाल चेपाङको नाति विष्णु बहादुर चेपाङको छोरा धादिङ्ग जिल्ला जोगीमारा वडा नं. ५ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. १० बस्ने **बलराम चेपाङ** (ना.प्र.नं. : २६३०३५-७०/५५ जारी मिति र जिल्ला : २०७०/०२/२३, धादिङ्ग) |
| २) सामी प्रजाको नाति सुक्राम प्रजाको छोरा धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा. वडा नं. १० बस्ने **सिता बहादुर प्रजा** (ना.प्र.नं. : १०२९५ जारी मिति र जिल्ला : २०६०/१०/०७, धादिङ्ग) |

**२) शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा तथा घर कर्जा**

| ऋणीको विवरण |
|---|
| नामजदिन मियाको छोरी हपि जुल्लाको बुहारी रफि मियाको पत्नी गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **जमिला मिया** (ना.प्र.नं. : ४४१००४/१९७ जारी मिति र जिल्ला : २०६४/१२/१८, गोरखा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) नसिर सिको नाति हपि जुल्लाको छोरा गोरखा जिल्ला ताप्ले उ.म.न.पा./गा.पा. /गा.वि.स.वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग उ.म.न.पा ./गा.पा./गा.वि.स. वडा नं.७ बस्ने **रफि मिया** (ना.प्र.नं. : ६४ जारी मिति र जिल्ला : २०४५/०२/१३, गोरखा) |
| २) मैदि मियाको नाति समसोदिन मियाँको छोरा गोरखा जिल्ला ताप्ले वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ्ग गा.पा. वडा नं. ७ बस्ने **मोहम्मद रफिक मिया** (ना.प्र.नं. : २६०५५ जारी मिति र जिल्ला : २०४६/०४/३०, गोरखा) |

**३) शाखा कार्यालय : गरुडा शाखा** — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| ठगा दास तत्माको नाति किसुनी दास तत्माको छोरा रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ९ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **भोला दास तत्मा** (ना.प्र.नं. : ३२२०८४/६३ जारी मिति र जिल्ला : २०६८/०५/२१, रौतहट) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) जनक दास तत्माको छोरी ठगा दास तत्माको बुहारी किसुनी दास तत्माको पत्नी रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ९ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **मुनिया देवी** (ना.प्र.नं. : ३२३०८४/८८७ जारी मिति र जिल्ला : २०६४/०१/१२, रौतहट) |
| २) ठगा दास तत्माको नाति किुसुनी दास तत्माको छोरा रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ९ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **राम विनय दास तत्मा** (ना.प्र.नं. : ३२२०८४/६१ जारी मिति र जिल्ला : २०६८/०५/२०, रौतहट) |
| ३) सिताराम दास तत्माको छोरी किसुनी दास तत्माको बुहारी राम विनय दास तत्माको पत्नी रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. ६ बस्ने **सनिता कुमारी** (ना.प्र.नं. : ३२-०२-७९-०३६१० जारी मिति र जिल्ला : २०७९/०७/२३, रौतहट) |
| ४) भरोसी दासको छोरी किसुनी दास तत्माको बुहारी भोला दास तत्माको पत्नी रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. ६ बस्ने **अनिता कुमारी** (ना.प्र.नं. : ३२-०२-७७-०४७०९ जारी मिति र जिल्ला : २०७७/१२/२९, रौतहट) |
| ५) ठगा दासको नाति महाविर दास तत्माको छोरा रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **विनोद दास** (ना.प्र.नं. : ४८२ जारी मिति र जिल्ला : २०६१/०५/०२, रौतहट) |

**४) शाखा कार्यालय : गरुडा शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| सिताराम दास तत्माको छोरी किसुनी दास तत्माको बुहारी राम विनय दास तत्माको पत्नी रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. ६ बस्ने **सनिता कुमारी** (ना.प्र.नं. : ३२-०२-७९-०३६१० जारी मिति र जिल्ला : २०७९/०७/२३, रौतहट) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) जनक दास तत्माको छोरी ठगा दास तत्माको बुहारी किसुनी दास तत्माको पत्नी रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ९ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **मुनिया देवी** (ना.प्र.नं. : ३२३०८४/८८७ जारी मिति र जिल्ला : २०६४/०१/१२, रौतहट) |
| २) ठगा दास तत्माको नाति किुसुनी दास तत्माको छोरा रौतहट जिल्ला सखुअवा धमौरा वडा नं. ९ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **राम विनय दास तत्मा** (ना.प्र.नं. : ३२२०८४/६१ जारी मिति र जिल्ला : २०६८/०५/२०, रौतहट) |
| ३) भरोसी दासको छोरी किसुनी दास तत्माको बुहारी भोला दास तत्माको पत्नी रौतहट जिल्ला वृन्दावन न.पा. वडा नं. ६ बस्ने **अनिता कुमारी** (ना.प्र.नं. : ३२-०२-७७-०४७०९ जारी मिति र जिल्ला : २०७७/१२/२९, रौतहट) |
| ४) ठगा दासको नाति महाविर दास तत्माको छोरा रौतहट जिल्ला सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ हाल, वृन्दावन न.पा. वडा नं. ६ बस्ने **विनोद दास** (ना.प्र.नं. : ४८२ जारी मिति र जिल्ला : २०६१/०५/०२, रौतहट) |

**५) शाखा कार्यालय : गरुडा शाखा** — **कर्जा शीर्षक :सरल व्यावसायीक आवधिक कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **सिकिन्द्र ग्रिल उद्योग** संचालकको नाम : सिकिन्द्र ठाकुर दर्ता नं.: ८७०८/१००५/६९४/१९७<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, रौतहट गौर दर्ता मिति : २०७७/१०/२७<br>रजिष्टर्ड ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. २ स्थायी लेखा नं. : ६१५१४९७९६ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) रामऔतार ठाकुरको नाति साहेव ठाकुरको छोरा रौतहट जिल्ला पिप्रापोखरिया गा.वि.स. वडा नं. ६ हाल, कटहरिया न.पा. वडा नं. ९ बस्ने **सिकिन्द्र ठाकुर** (ना.प्र.नं. : ३२-०१-६९-०६४८१ जारी मिति र जिल्ला : २०६९/०८/२८) |
| २) सुक्लाल ठाकुरको नाति रामऔतार ठाकुरको छोरा रौतहट जिल्ला हथियाही वडा नं. ६ हाल, कटहरिया न.पा. वडा नं. ९ बस्ने **साहेव ठाकुर** (ना.प्र.नं. : २०८३-१६ जारी मिति र जिल्ला : २०४६/०२/२३) |
| ३) महंगु ठाकुर लोहरको छोरी रामऔतार ठाकुरको बुहारी साहेव ठाकुरको पत्नी रौतहट जिल्ला लक्ष्मिपुर वडा नं. ३ हाल, कटहरिया न.पा. वडा नं. ९ बस्ने **फिर्ति कुमारी** (ना.प्र.नं. : ३४०१ जारी मिति र जिल्ला : २०४५/०१/०३) |
| ४) रामऔतार ठाकुरको नाति साहेव ठाकुरको छोरा रौतहट जिल्ला पिप्रापोखरिया वडा नं. ६ हाल, कटहरि या न.पा. वडा नं. ९ बस्ने **जितेन्द्र ठाकुर लोहार** (ना.प्र.नं.: ४२४७ जारी मिति र जिल्ला : २०६०/०९/०२) |
| ५) मंगनी ठाकुर लोहारको छोरी साहेव ठाकुरको बुहारी जितेन्द्र ठाकुर लोहारको पत्नी रौतहट जिल्ला पिप्रापो खरिया वडा नं. ६ हाल, कटहरिया न.पा. वडा नं. ९ बस्ने **धनेश्वरी देवी** (ना.प्र.नं.: १९५६ जारी मिति र जिल्ला : २०६३/१२/१७) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक

## रूपशाला



### 'बलिदान'को नयाँ पोस्टर

फिल्म 'बलिदान'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ। सन्तोष सेन निर्देशित फिल्मको पोष्टरमा नव-अभिनेत्री कविता रायलाई प्रस्तुत गरिएको छ। फिल्ममा उनी 'किरण' पात्रको भूमिकामा देखिने छन्। पोस्टरमा 'किरण' पात्र एक हिंसात्मक र संघर्षपूर्ण अवस्थामा देखिन्छिन्। उनको अनुहार र हातमा रगत लागेको छ। हातमा बन्दुकको ब्यारेल समातेको देखिन्छ, जसले प्रतिरोध र बदला लिने भाव प्रकट गरेको छ। उनको एक आँखा मात्र स्पष्ट देखिने गरी फ्रेम गरिएको छ। समग्रमा पोस्टरले एक महिला पात्रको संघर्ष, हिंसा, प्रतिरोध र बलिदानको कथा भन्न खोजेको स्पष्ट छ।

आइतबार, २५ फागुन २०८१ (Sunday, March 09, 2025)

# कवि अधिकारीको 'पानीको परेड' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** कवि तथा गीतकार दिनेश अधिकारीको कविताकृति 'पानीको परेड' सार्वजनिक भएको छ। शनिबार आयोजित कार्यक्रममा कविद्वय डा नवराज लम्साल र मोमिलालाई आफ्नो कविता संग्रह उपहार प्रदान गरेसँगै कृति सार्वजनिक गरिएको हो।

नेपालयले प्रकाशनमा ल्याएको उक्त कविता संग्रहमा कवि अधिकारीले २०६४ सालदेखि २०८० सालसम्म लेखेका पूर्वप्रकाशित र अप्रकाशितसमेत गरी ७७ वटा कविता समेटिएका छन्। यो उनको १७औं कृति हो।

कवि लम्सालले अधिकारी वस्तुगत चेतनामाथि आत्मगत हस्तक्षेप गर्न सक्ने अतिरिक्त सामर्थ्य भएको काव्यिक क्षमताका कविका रूपमा स्थापित भएको बताए। कवि तथा निबन्धकार मोमिलाले अधिकारी कवितामा कलात्मक पाराले मसिनो ढंगबाट अभिव्यक्त गर्ने सीमान्त शिल्पी र शब्दका जादुगरका रूपमा रहेको धारणा राखे।

अन्तरराष्ट्रिय नारी दिवसका सन्दर्भ पारेर कृति सार्वजनिक गरिएको हो। कवि अधिकारीले संघर्ष र सौहार्द्रताको स्मरण गर्दै आफ्नो कविता-यात्रा ५० औं वर्षमा प्रवेश गर्न लागेकामा खुसी व्यक्त गरे। सो अवसरमा उनले 'आमा', 'अन्तिम तयारी', 'बिहे' र 'अचानक एक दिन' शीर्षकका कविता वाचन गरेका थिए।

## 'अञ्जिला' धरानमा प्रिमियर

**काठमाडौं (प्रस)–** फागुन २९ गतेबाट देशभर सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'अञ्जिला' धरानमा प्रिमियर गरिएको छ। शुक्रवार साँझ धरानको फ्रेन्ड्स सिनेमाजमा आयोजित प्रिमियरमा चलचित्र युनिट, खेलाडी रस्थानिय पत्रकारको उपस्थिति थियो।

नेपाली महिला राष्ट्रिय फुटबल टिमकी कप्तान तथा गोलरक्षक एन्जिला तुम्बापो सुब्बाको जीवनीमा आधारित रहेर निर्माण भएको फिल्म हङकङ, कोरिया र बेलायतपछि धरानमा प्रिमिएर गरिएको हो।

फिल्ममा एन्जिला तुम्बापो सुब्बाको अलवा प्रेम कुमार श्रेष्ठ, दयाहाङ राई, सुनिल थापा, विजय बराल, सिर्जना सुब्बा, माओत्से गुरुङ र बुद्धि तामाङको मुख्य भूमिका रहेको छ। प्रिमिएरमा सहभागीले फिल्मले मन छोएको प्रतिक्रिया दिएका थिए। फिल्मका निर्देशक मिलन चाम्स हुन्।

फिल्म एन्जिलाको जन्मथलो इलामको आइतबारे, झापा, र काठमाडौँमा छायाङ्कन गरिएको छ। मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित फिल्मका निर्माता प्रेमकुमार श्रेष्ठ हुन्। कार्यकारी निर्माता विनोद अग्रवाल रहेको फिल्ममा टुबेन्द्र लिम्बु र राजेश बगडिया सह-निर्माताको रूपमा रहेका छन्।

# 'द्रौपदी'को ट्रेलरमा कर्णालीका दुःख



■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्णाली भेकको जनजीवनको कथामा निर्माण गरिएको फिल्म 'द्रौपदी' को ट्रेलर सार्वजनिक गरिएको छ। ऋषिराज आचार्य लिखित तथा निर्देशित तीन मिनेट लामो ट्रेलरमा कर्णालीको सुन्दरता, जनजीवन र व्यथाहरूलाई प्रस्तुत गरिएको छ।

यसअघि सार्वजनिक टिजर र 'कर्णाली कटौला' गीतले चर्चा पाइरहेको बेलामा ०८ चैत्रबाट दर्शकमाझ आउन लागेको 'द्रौपदी' को ट्रेलर ल्याइएको हो। रिलिज अघि नै केही अन्तर्राष्ट्रिय फेस्टिभलमा पनि छनोट भएको फिल्म डोल्पाको शे फोक्सुण्डो काललगायत कर्णाली विभिन्न स्थानमा खिचिएको छ।

नारी संवेदनात्मक लाग्ने फिल्मको ट्रेलरमा प्रमुख अभिनेता निर्देशक स्वयम् ऋषिराज आचार्य,शीर्ष अभिनेत्री आश्विनी शाही,गायक रवि ओड, सुजाता तिमिल्सिना, कविराज भाम, जेल्सन अधिकारी, विष्णु ठडराई, प्रकाश ज्ञवाली, सीता बौडेल,सुरज अधिकारीलगायतका कलाकारलाई देख्न सकिन्छ।

निर्देशक आचार्य स्वयम्को लेखन,अनिल महर्जनको सम्पादन,सौरभ शर्माको पार्श्व संगीत, तथा मोहनकुमार झिल्लुको छायांकन रहेको फिल्मका गीतमा रवि ओड र इन्द्रकला राईको आवाज छ। आर बि मुभिजमा बनेको फिल्मको सह-निर्माता ऋतु आचार्य र विष्णु ठडराई, अनि निर्मातामा ऋषिराज आचार्य र प्रकाश ज्ञवाली छन्। फिल्मको वितरण एप्पल इन्टरटेन्टमेन्ट, एफडी कम्पनी र रिच इन्टरटेन्टमेन्टले संयुक्त रूपमा गर्दैछन्।

## रंगशाला

महिला टी-२० आई शृंखला

# हारबाट नेपालको युगान्ड भ्रमणको सुरुआत

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल युगान्डा वुमेन्स डे कप टी-२० अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताको पहिलो खेलमै पराजित भएको छ।

शनिबार भएको पहिलो खेलमा नामिबियासँग नेपाल डकवर्थ लुइस (डिएलएस) मा ६ विकेटले पराजित भएको हो। नेपालले दिएको ९३ को लक्ष्य पछ्याएको नामिबियाले १४.५ ओभरमा चार विकेट गुमाउँदै ७१ रन बनाएको थियो। तर, वर्षा नरोकिएपछि डिएलएसमा नामिबिया विजयी भएको हो।

नामिबियाकी मेकेले स्वाटिलेले सर्वाधिक २६ रन बनाएकी थिइन्। ३५ बल खेलेकी उनले तीन चौका प्रहार गरिन्। जुरियन डियर्गाड्ट १३ रनमा अविजित रहँदा अन्यले राम्रो प्रदर्शन गर्न सकेका थिएनन्।

नेपालका पूजा महतो, कविता जैशी, इन्दु बर्मा र ईश्वरी विष्टले समान एक विकेट लिएका थिए। त्यसअघि टस जितेर ब्याटिङ थालेको नेपालले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै ९२ रनको योगफल बनाएको थियो। नेपालकी ओपनर सम्झना खड्काले सर्वाधिक १८ रन बनाइन्। ११ बल खेलेकी उनले चार चौका प्रहार गरिन्। ईश्वरी विष्टले १७, कविता जैशी १६ र पूजा महतोले १३ रन बनाउँदा अन्यको प्रदर्शन सम्झनलायक रहेन।

# राइजिङ स्टारलाई कोहलपुर गोल्डकप

■ प्रभाव संवाददाता

**बाँके–** बाँकेको कोहलपुरमा सञ्चालित तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि राईजिङ स्टार फुटबल क्लबले जितेको छ। शनिबार भएको फाइनल खेलमा राईजिङ स्टारले आयोजक कोहलपुर रेसिङ साहारा क्लबलाई २-० गोल अन्तरले हराउँदै उपाधि जितेको हो।

कोहलपुर-२ स्थित तेह्र विगाह खेल मैदानमा सम्पन्न खेलको पहिलो हाफ गोल रहित बराबरीमा सकिएको थियो। दोस्रो हाफमा लगातार दुई गोल गर्दै पाहुना टोलीले पहिलो पटक उपाधि जितेको हो। दोस्रो हाफको पहिलो मिनेटमै राईजिङका कप्तान विनोद केवटले गोल गरेर टोलीलाई अग्रता दिलाएका थिए। लगत्तै दुई मिनेटको अन्तरमा व्यक्तिगत दोस्रो गोल गर्दै उनले राईजिङको उपाधि पक्का गरेका थिए। राईजिङका कप्तान विनोद केवटनै खेलको म्यान अफ द म्याच घोषित भए।

उपाधि सहित राईजिङले ट्रफीसहित नगद ८ लाख रूपैयाँ प्राप्त गरेको छ। विजेता टोलीलाई कोहलपुर नगरपालिकाका प्रमुख पूर्ण प्रसाद आचार्यले पुरस्कार प्रदान गरेका थिए। उपविजेता बनेको कोहलपुर रेसिङ साहारा क्लबले भने ४ लाख रूपैयाँ प्राप्त गरेको छ।

विधागततर्फ सर्वोत्कृष्ट खेलाडीको अवार्ड आयोजक रेसिङ साहारा क्लबका विनोद केसीले जिते। उनले ट्रफीसहित ५१ हजार प्राप्त गरे। राईजिङ स्टारका चेतन थारू वेष्ट डिफेन्डर, प्रतिक सुनार उत्कृष्ट गोलकिपर, सन्दिप केसी उत्कृष्ट प्रशिक्षकको अवार्ड हात पारे। विधागततर्फ उत्कृष्ट बनेका उनीहरूले नगद १० हजार रूपैयाँ प्राप्त गरे। राईजिङ स्टारका विनोद केवट र काँक्रेविहार फुटबल क्लबका धनसिंह विक सर्वाधिक गोलकर्ता हुँदै नगद पाँच-पाँच हजार प्राप्त गरे।

कोहलपुर रेसिङ साहारा क्लबको आयोजनामा फागुन १७ गतेदेखि सञ्चालन भएको प्रतियोगितामा घाना र भारतीय क्लब सहित आठ टिमको सहभागीता रहेको प्रतियोगिता संयोजक कर्ण बस्नेतले बताए।

# प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको तयारी पूरा

■ प्रभाव संवाददाता



**भैरहवा (रूपन्देही)–** पहिलोपटक प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताका सम्पूर्ण खेल उपत्यका बाहिर लुम्बिनी प्रदेशमा हुने भएपछि यहाँको क्रिकेट प्रेमीमा उत्साह छाएको छ। प्रधानमन्त्री कपका सम्पूर्ण खेल अहिले लुम्बिनी प्रदेशका तीन वटा खेल मैदानमा हुने भएको छ। यसको लागि तीन वटै खेलमैदानसँगै प्रतियोगिताको सबै तयारी पूरा भएको छ।

लुम्बिनी प्रदेश क्रिकेट सङ्घको व्यवस्थापनमा हुने प्रतियोगिता आइतबारबाट सुरु हुँदैछ। प्रतियोगिताअन्तर्गत यसपटक ४६ खेल खेलाइने छ। यी सबै खेल रूपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रंगशाला, तिलोत्तमामा रहेको एकस्ट्राटेक ओभल क्रिकेट रंगशाला र दाङको लमहीमा रहेको देउखुरी अन्तरराष्ट्रिय रंगशालामा आयोजना हुँदैछ।

लुम्बिनी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जय गुरुङका अनुसार यी सबै रंगशालामा प्रतियोगिता सञ्चालनका लागि आवश्यक सबै तयारी पूरा भइसकेको छ। प्रतियोगितामा सात वटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको विभागीय टोलीसहित १० टोलीले सहभागिता जनाउँदै छन्। यी सबै टोलीले एक अर्कासँग खेल्नुपर्नेछ। गुरुङका अनुसार सबै रंगशालामा सबै टोलीले खेल्ने गरी प्रतियोगिताको तालिका मिलाइएको छ।

यसअनुसार रूपन्देहीको सिद्धार्थ क्रिकेट रंगशालामा उद्घाटन र फाइनल खेल गरी सम्मा १७ खेल हुनेछन्। एक्स्ट्राटेक ओभलमा १५ र लमहीको देउखुरी रंगशालामा १४ खेल हुनेछन्। गुरुङले प्रधानमन्त्री कप लुम्बिनीमा हुनुले यस क्षेत्रको क्रिकेटसँगै होटल तथा पर्यटन व्यवसाय चलायमान हुने बताए।

'हामी एकदमै उत्साहित छौँ र नेपाल क्रिकेट संघप्रति आभारी छौँ, किनभने पहिलो पटक प्रधानमन्त्री कपका सम्पूर्ण खेल उपत्यका बाहिर हुँदैछन्', उनले भने, 'नेपाल क्रिकेट संघ (क्यान)ले क्रिकेटलाई देशको सम्पूर्ण भागमा पुऱ्याउनुपर्ने उद्देश्यसहित यो निर्णय स्वागत योग्य छ।'

प्रतियोगिताका लागि भैरहवाको सिद्धार्थ क्रिकेट रंगशालामा पिच मर्मतदेखि पेभेलियन व्यवस्थापन एवं अन्य सबै तयारी पूरा भएको रूपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले जानकारी दिए। उनले सात दिन अगावैबाट मैदानमा हुने अन्य सबै खेल स्थगित गरी प्रतियोगिताको तयारी गरिएको बताए।

गत वर्ष प्रधानमन्त्री कपअन्तर्गत ११ वटा खेल सिद्धार्थ रंगशालामा भएका थिए। यसले नेपाल क्रिकेट संघको विश्वास जित्न ठूलो सहयोग गरेको र त्यसैको फलस्वरूप प्रतियोगिताका अहिले सबै खेलहरू लुम्बिनी प्रदेशमा आउन सफल भएको उनको भनाइ छ।

यसैगरी तिलोत्तमामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रशालाको पनि सम्पूर्ण तयारी पूरा भएको रंगशालाका प्रबन्ध निर्देशक विनोद कुँवरले जानकारी दिए। नेपालमै पहिलो पटक निजी क्षेत्रबाट 'फ्लड लाइट' सहितको क्रिकेट रंगशालाको स्थापना गरेको कुँवरले प्रतियोगिताले लुम्बिनी प्रदेशको क्रिकेटमा रहेको क्षमता देखाउने अवसर मिलेको बताए। तीन वटा पिच, फ्लड लाइट, शौचालय, चेन्जिङ रुम पेभेलियनलगायत सबै तयार रहेको उनले जानकारी दिए।

यसअघि काठमाडौँमा दुई वटा मात्र खेलमैदान भएका कारण राउण्ड रोबिनका आधारमा प्रतियोगिता आयोजना गर्न नेपाल क्रिकेट सङ्घलाई अप्ठ्यारो हुँदै आएको थियो। यसले गर्दा प्रतियोगितालाई काठमाडौँबाट बाहिर लैजाने वातावरण बनेको नेपाल क्रिकेट सङ्घका उपाध्यक्ष रोशन सिंहले बताए।

'पिचलगायत सबै दृष्टिले लुम्बिनी प्रदेशका तीन वटै खेलमैदान उत्कृष्ट भएका कारण क्यानले यहाँ प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको हो', सिंहले भने, 'यसले भोलिका दिनमा 'ए' ग्रेडका खेलाडीको छनोटका लागि यहाँको भूमिका महत्वपूर्ण हुनेछ।'

काठमाडौं बाहिर क्रिकेटको माहौल बनाउन र काठमाडौं बाहिर क्यानले क्रिकेट गराउन सक्छ भन्ने अन्तरराष्ट्रिय सन्देश दिन प्रतियोगितालाई पहिलो पटक बाहिर लगिएको सिंहले जानकारी दिए। उनले पिच निर्माणका लागि क्यानले नै काठमाडौँबाट जनशक्ति खटाएको बताए। आइतबारबाट सुरु हुने क्रिकेट प्रतियोगिताको फाइनल खेल आगामी चैत १६ गते भैरहवास्थित सिद्धार्थ क्रिकेट रंगशालामा आयोजना हुनेछ।



इजिप्टको कायरोमा रमजानको पवित्र महिनामा मुस्लिमहरू आफ्नो इफ्तार, उपवास तोड्ने खानाका लागि पर्खाइमा । *तस्बिरः सिन्ह्वा*

# दक्षिण कोरियाका राष्ट्रपति युन हिरासतबाट छुटे

**सियोल–** महाभियोग लगाइएका दक्षिण कोरियाका राष्ट्रपति युन सुक योललाई अदालतले प्रक्रियागत आधारमा पक्राउ गर्न आदेश दिएपछि शनिबार हिरासतबाट रिहा गरिएको छ । गत डिसेम्बर ३ मा नागरिक शासनलाई उल्टयाउने प्रयास गरेको आरोपमा जनवरीमा पक्राउ परेका निलम्बित राष्ट्रपति मुस्कुराउँदै विशेष हिरासतबाट बाहिर निस्किएका थिए ।

'म यस देशका जनताप्रति कृतज्ञता व्यक्त गर्दै शिर निहुराउँछु,' रिहाइपछि आफ्ना वकिलमार्फत जारी गरेको युनको विज्ञप्तिमा भनिएको छ । एक दिनअघि एक अदालतले प्राविधिक र कानुनी आधार देखाउँदै उनको गिरफ्तारी वारेन्ट रद्द गरेको थियो । यो निर्णयको अनुसन्धान गरिरहेका अभियोजनकर्ताहरूले शनिबार एक बयानमा उक्त निर्णय 'अन्यायपूर्ण' थियो भनेका छन् ।

अभियोजकहरूले अदालतको फैसलाविरुद्ध अपिल गर्ने उनीहरूको अधिकारबारे सुनुवाइ गर्दै युनलाई रिहा गरिएको थियो । विशेष गरी यो आपराधिक अभियोगमा उनको हिरासतको प्राविधिक विवरणको बारेमा थियो ।



युनले आफ्नो महाभियोगलाई कायम राख्ने र औपचारिकरूपमा उनलाई पदबाट हटाउने वा नहटाउने भन्ने विषयमा छुट्टै संवैधानिक अदालतको निर्णयको पनि सामना गर्नुपर्ने छ । अभियोजकहरूले भनेका छन्, 'संवैधानिक अदालतको निर्णय र सम्बन्धित विचारहरूलाई ध्यानमा राख्दै महान्यायाधिवक्ताले टोलीलाई युनलाई हिरासतबाट रिहा गर्न अपिल गर्नुको सट्टा सक्रियरूपमा 'ट्रायल कोर्ट'मा आफ्ना तर्कहरू प्रस्तुत गर्न निर्देशन दिएका छन् ।' यदि युनलाई हटाइयो भने दक्षिण कोरियामा ६० दिनभित्र नयाँ राष्ट्रपतीय निर्वाचन हुनै पर्छ । औपचारिकरूपमा पदबाट हटाएपछि पनि उनविरुद्ध फौजदारी मुद्दा चलिरहने छ ।

### "विधिको शासनको बहाली"

गत महिना युनको गिरफ्तारी रद्द गर्न अनुरोध गरेका उनका वकिलले अभियोजन पक्षले उनलाई अभियोग लगाउन धेरै लामो समय पर्खेको कारण उनको हिरासत गैरकानुनी रहेको बताउँदै उनको रिहाइको प्रशंसा गरे । 'राष्ट्रपतिको रिहाइले विधिको शासनको पुनर्स्थापनाको संकेत गर्छ,' उनको कानुनी टोलीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

एएफपीका संवाददाताहरूका अनुसार हिरासतबाट रिहा भएपछि युन धेरै गाडीहरूको बीचमा रहेको एउटा विशेष गाडीमा चढी सीधै राष्ट्रपति निवासतर्फ गएका थिए र उनले राष्ट्रपति भवनबाहिर आफ्नो कारबाट बाहिर निस्केर सयौं उत्साही समर्थकहरूलाई अभिवादन गरेका थिए । यसैबीच, डेमोक्रयाटिक पार्टीका नेता ली जे-म्युङले एक र्‍यालीलाई सम्बोधन गर्दै निलम्बित राष्ट्रपतिको शैनिक शासनको प्रभाव रहँदासम्म लड्ने बताएका छन् । पूर्वअभियोजक युनले डिसेम्बरमा नागरिक शासन निलम्बन गरी संसद्मा सैनिक पठाएर प्रजातान्त्रिक दक्षिण कोरियालाई राजनीतिक उथलपुथलमा धकेलेको आरोप विपक्षीहरूको छ । *रासस/एएफपी*

# रुसको आक्रमणबाट युक्रेनमा १२ जनाको मृत्यु

**केभ, युक्रेन–** शनिबार बिहानसम्म पूर्वी युक्रेनमा रातभर गरिएको रूसी आक्रमणमा १२ जनाको मृत्यु भएको देशको आपत्कालीन सेवाले जनाएको छ । यो घटना साउदी अरेबियामा अमेरिका र युक्रेनी वार्ताकारहरूबीच युद्धविरामको लागि हुने वार्ताको केही दिन अगाडि भएको हो ।

युक्रेनको डोनेट्स्क क्षेत्रको डोब्रोपिलियाको केन्द्रमा शुक्रबार राति भएको रुसी आक्रमणमा ११ जनाको मृत्यु हुनुका साथै ३० जना घाइते भएको आपत्कालीन सेवाले जनाएको छ । खार्किभ क्षेत्रका सैन्य प्रमुख ओलेग सिनेगुबोभले शनिबार बिहान बोगोदुखिभ सहरमा भएको ड्रोन हमलामा एक जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएको बताए ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथि नयाँ प्रतिबन्ध र शुल्क लगाउने धम्की दिएका बेला रातभर हवाई आक्रमण भएको हो । अमेरिकी राष्ट्रपतिले शुक्रबार पत्रकारहरूलाई भने, 'उहाँ रूसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि विश्वास गर्नुहुन्छ । मलाई वास्तवमै युक्रेनसँग सम्झौता गर्न गाह्रो लाग्छ र उनीहरूसँग कुनै विकल्प छैन । रूससँग सम्झौता गर्न सजिलो हुन सक्छ ।'

साथै, पत्रकारहरूलाई मन्तव्य दिएको केही समयपछि राष्ट्रपति ट्रम्पले शुक्रबार युक्रेनमा बमबारी गरेकोमा रुसमाथि नयाँ प्रतिबन्ध र कर लगाउने धम्की दिएका छन् । 'रूसले अहिले युद्धभूमिमा युक्रेनलाई पूर्णरूपमा आक्रमण गरिरहेको छ । म युद्धविराम र शान्ति सम्झौतामा पुग्न नसकेसम्म रूसमाथि ठूलो मात्रामा बैंकिङ प्रतिबन्ध, नाकाबन्दी लगाउने बारेमा दृढतापूर्वक विचार गरिरहेको छु,' ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्ममा उल्लेख गरे ।

'रूस र युक्रेन, अब वार्ताको टेबलमा आउनुहोस्,' उनले लेखेका छन् । ट्रम्पको धम्की यस्तो समयमा आएको हो, जब रुसले शुक्रबार युक्रेनको ऊर्जा पूर्वाधारमा ठूलो ड्रोन र मिसाइल आक्रमण गरेको थियो । केही दिनअघि राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँगको विवादपछि ट्रम्प प्रशासनले युक्रेनसँग अमेरिकी सैन्य सहायता वितरण र गुप्तचर आदानप्रदानमा रोक लगाएको थियो ।

नेसनल इकोनोमिक काउन्सिलका निर्देशक केभिन हयासेटले ट्रम्पको धम्की कूटनीतिक रणनीतिको हिस्सा भएको बताए । 'राष्ट्रपति ट्रम्प अडिग हुनुहुन्छ कि हामीले सबैलाई टेबुलमा ल्याउनुपर्छ । उहाँले सबैसँग कुरा गर्दै हुनुहुन्छ,' हयासेटले पत्रकारहरूलाई बताए । *रासस/एएफपी*

# 'महिलाको उन्नति समाज समृद्धिको आधार'

**न्युयोर्क–** संयुक्त राष्ट्रले अन्तर्राष्ट्रिय समुदायलाई सबै महिला र बालिकाहरूका लागि अधिकार, समानता र सशक्तीकरणलाई यथार्थ बनाउन अडिग रहन आह्वान गरेको छ । 'जब महिला अगाडि बढ्छ, हामी सबै अगाडि बढ्छौं,' संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले अन्तर्राष्ट्रिय महिला दिवसको पूर्वसन्देशमा उल्लेख गरे, 'समान अधिकारलाई मूलधारमा ल्याउनुको सट्टा, हामी दुर्व्यवहारलाई मूलधारमा राखिएको देखिरहेका छौं ।'

'जब महिला र केटीहरूका लागि समान अवसरको ढोका खुला हुन्छ, सबैको जित हुन्छ । समान समाजहरू अधिक समृद्ध र शान्तिपूर्ण हुन्छन् र दिगो विकासको जग बसाल्छन् । यस अन्तर्राष्ट्रिय महिला दिवसमा, हामी बेइजिङमा भएको ऐतिहासिक संयुक्त राष्ट्र सम्मेलनपछिको ३० वर्षको प्रगति र उपलब्धिलाई मान्यता दिन्छौं,' गुटेर्रेसले थपे ।

मार्च ८ मा, अन्तर्राष्ट्रिय परिवारले सबै महिला र केटीहरूको लागि 'अधिकार, समानता, सशक्तीकरण' भन्ने विषयवस्तुअन्तर्गत अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदछ । यस वर्षको नाराले सबैका लागि समान अधिकार, शक्ति र अवसर खोल्न सक्ने कार्य र कोही पनि पछाडि नछोडिने नारीवादी भविष्यका लागि आह्वान गर्दछ । यस दृष्टिकोणको केन्द्रबिन्दु आगामी पुस्ता युवा, विशेषगरी युवती र किशोरीहरूलाई स्थायी परिवर्तनको उत्प्रेरकको रूपमा सशक्त बनाउनु हो । *रासस/एएनआई*

# अफगानी नागरिकलाई मार्च ३१ भित्र देश छोड्न पाकिस्तानको आग्रह

**इस्लामाबाद–** पाकिस्तान सरकारले पाकिस्तानमा बसोबास गर्ने अफगानी नागरिकहरूलाई मार्च ३१ सम्ममा देश छोड्न आग्रह गरेको एआरवाई न्युजले रिपोर्ट गरेको छ । एआरवाई न्युजका अनुसार पाकिस्तानको आन्तरिक मन्त्रालयले अफगान सिटिजन कार्ड (एसिसी) धारकहरूलाई देश छोड्न आग्रह गर्‍यो, अन्यथा उनीहरूलाई अप्रिल १ देखि देश निकाला गरिने मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।

यसअघि, पाकिस्तानले अफगानहरूलाई देश छोड्ने योजना बनाएको रिपोर्टहरू बाहिर आएका थिए, तर आन्तरिक मन्त्रालयले आधिकारिकरूपमा पुष्टि गरेको यो पहिलोपटक हो । 'अवैध विदेशी स्वदेश फिर्ता कार्यक्रम (आइएफआरएफ) नोभेम्बर १, २०२३ देखि लागू भएको छ । सबै अवैध विदेशी र एसिसी धारकहरूलाई ३१ मार्च, २०२५ अघि स्वेच्छाले देश छोड्न सल्लाह दिइन्छ । त्यसपछि, अप्रिल १, सन् २०२५ बाट निर्वासन सुरु हुने छ,' विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयले अफगान नागरिकहरूलाई देश छोड्न पर्याप्त समय दिएको बताएको छ । 'स्वदेश फिर्ताको क्रममा कसैलाई पनि दुर्व्यवहार नगर्नेमा जोड दिइएको छ । उनीहरूका लागि खाना र स्वास्थ्य सेवाको पनि व्यवस्था गरिएको छ,' यसमा थपिएको छ, 'पाकिस्तान एक जिम्मेवार देशको रूपमा आफ्नो प्रतिबद्धता र दायित्वहरू पूरा गरिरहेको छ । पाकिस्तानमा बस्ने व्यक्तिहरूले सबै कानुनी औपचारिकता पूरा गर्नुपर्ने र पाकिस्तानको संविधानको पालना गर्नुपर्छ ।'

यसअघि, मानवअधिकार संगठन र शरणार्थी वकालत गर्ने समूहहरूको गठबन्धनले अफगान आप्रवासीहरूलाई जबरजस्ती निष्कासन रोक्न पाकिस्तान सरकारलाई आग्रह गरेको थियो । एउटा खुला पत्रमा समूहहरूले मानवअधिकार रक्षकसहित धेरै अफगान शरणार्थीहरू हिंसा र उत्पीडनको कारण आफ्नो मातृभूमि छोडेर भागेको कुरामा जोड दिए ।

रिपोर्टका अनुसार पत्रमा महिला, बालबालिका र वैध भिसा भएका अफगान आप्रवासीहरूले जबरजस्ती निष्कासन, हिरासत र उच्च भिसा शुल्कको सामना गरिरहेको पनि उल्लेख गरिएको छ । विशेषगरी तालिबानजस्ता समूहहरूको उदयपछि हालैका वर्षहरूमा, पाकिस्तानी सरकारले अफगान शरणार्थीहरूको लामो समयसम्म बसाइलाई सुरक्षा खतराको रूपमा हेर्न थालेको छ ।

हालै, पाकिस्तानले अवैध बसोबास र सुरक्षा जोखिमलाई उद्धृत गर्दै निष्कासन सुरु गरेको छ । यी निष्कासनहरूले मानवअधिकार, क्षेत्रीय स्थिरता र अफगान छिमेकीहरूप्रति पाकिस्तानको जिम्मेवारीमाथि बहस सुरु गरेको छ । *रासस/एएनआई*

# एआई पूर्वाधार प्रविधिमा माइक्रोसफ्टको ऐतिहासिक लगानी




**जोहानेसबर्ग–** माइक्रोसफ्टले सन् २०२७ को अन्त्यसम्ममा दक्षिण अफ्रिकामा आफ्नो क्लाउड र आर्टिफिसियल इन्टेलिजेन्स पूर्वाधार विस्तार गर्न ५.४ अर्ब रेन्ड (लगभग २९७ लाख अमेरिकी डलर) लगानी गर्ने घोषणा गरेको छ । माइक्रोसफ्टका अध्यक्ष ब्राड स्मिथले जोहानेसबर्गमा आयोजित एक कार्यक्रममा यो घोषणा गरे । उक्त कार्यक्रममा दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसा पनि उपस्थित थिए ।

स्मिथले दक्षिण अफ्रिकाको जोहानेसबर्ग र केप टाउनमा पहिलो इन्टरप्राइज-स्केल डेटा सेन्टर स्थापना गर्न विगत तीन वर्षमा कम्पनीले २० बिलियन रेन्ड लगानी गरेको बताए । कार्यक्रममा बोल्दै रामाफोसाले लगानीको स्वागत गर्दै यसले दक्षिण अफ्रिका र यसको अर्थतन्त्रमा निरन्तर विश्वास झल्काउने उल्लेख गरे । 'दक्षिण अफ्रिकी अर्थतन्त्रमा अपार सम्भावना छ र व्यापार गर्नका लागि एक अनुकूल ठाउँ हो, जहाँ उनीहरूको लगानी सुरक्षित छ,' उनले थपे । *रासस/सिन्ह्वा*


## Pathari Shanishchare Municipality

**Office Of The Municipal Executive**

**Pathari, Morang**

**Koshi Province, Nepal**

**InvitatioInvitation for Bidn for Bid**

**First Notice: 25Th Falgun 2081 (9Th March 2025)**

1. Pathari Shanishchare Municipality, Office of the Municipal Executive, Pathari, Morang Invites Online Bids under E-procurement system from eligible bidders for the procurement of following works.

| S.N. | Contract Identification Number and description of works | Bid Security Amount NRs | Cost of bidding Documents (NRs.) | Last time and date of bid submission | Procurement Method | Other Details | |
|---|---|---|---|---|---|---|---|
| 1. | Contract ID: PSMUN/NCB/WORKS/2081/082-14 Project Name: Construction of Administrative Office Building of Pathari Shanishchare Municipality | 37,00,000 | 10000 | 12:00 noon 8th April, 2025 | NCB | Average Annual Turnover | Specific Experience Requirement |
| | | | | | | Nrs. 11,06,23,340 | As stated in Section III Evaluation and Qualification Criteria of Bid Document |

Eligible bidders may obtain further Information and Inspect the bidding document from the PPMO website www.bolpatra.gov.np/egp or may visit the office of Pathari Shanishchare Municipality, Office of the Municipal Executive, Pathari, Morang, during the office time.

**Chief Administrative Officerv**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १७०२०० | प्रति तोला - ० | प्रति तोला - १९९० |



**तरकारी बेच्न बजार** | अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन शनिबार बिहानै छिट्टुवामा तरकारी राखेर घोराही बजारमा बिक्री गर्न आएका घोराही उपमहानगरपालिका-१६ स्थित मघै गाउँका थारू महिला। *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# लगानी भित्र्याउने वातावरण बनाउन डा. कोइरालाको आग्रह

■ प्रभाव संवाददाता

**झापा–** नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले आर्थिक विकासका लागि विदेशमा रहेका नेपालीको लगानी भित्र्याउने वातावरण बनाउन सरकारसँग आग्रह गरेका छन्। पार्टीको पूर्वआप्रवास समन्वय विभागले विर्तामोडमा आयोजना गरेको 'स्वदेशदेखि विदेशसम्म' विषयक कोशी प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा उनले लगानीमैत्री वातावरण बनाउन सके मुलुक समृद्धिको मार्गमा जान समय नलाग्ने धारणा राखे।

'हाइड्रोपावर, कृषि उत्पादन, जडीबुटी, पर्यटन प्रवर्द्धनलगायत क्षेत्रमा लगानी गरेर आयस्तर बढाउन सकिन्छ', उनले भने, 'यसका लागि सरकारले लगानीमैत्री वातावरण बनाउनुपर्छ।' विदेश जाने नेपालीलाई कमदक्ष, दक्ष र अध्ययन गरी तीन किसिममा प्रकारमा बाँड्



नुपर्ने धारणा राख्दै नेता कोइरालाले देश विकासका लागि विदेशमा सिकेका सीप र आर्जेको पैसा स्वदेशमा लगानी गर्ने उत्साहजनक वातावरण बनाउन आवश्यक रहेकामा जोड दिए।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा. मीनेन्द्र रिजालले जनतामा चुलिएको निराशा अन्त्य गर्ने अवसर नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)लाई प्राप्त भएको भन्दै वर्तमाने गठबन्धनबाट बनेको सरकारले जनता केन्द्रित भएर काम गर्नुपर्नेमा जोड दिए। उनले विश्वमा अर्थतन्त्रको ढाँचा फेरिएको उल्लेख गर्दै उत्पादन गर्नेले भन्दा डिजाइन र बजारीकरण गर्नेले बढी मुनाफा आर्जन गरिरहेका बताए।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य बलबहादुर केसी, सरिता प्रसाईं, राजीव कोइराला, सुशीला ढकाल आचार्य, डा गोविन्द पोखरेल, गोमा भट्टराई, दिनेश कोइरालालगायत वक्ताहरूले विदेशमा रहेका नेपालीलाई स्वदेशमा सीप र श्रमको सदुपयोग गर्ने नयाँ नीति र कार्यक्रमको खाँचो रहेको औंल्याएका थिए।

दुई दिनसम्म सञ्चालन हुने अन्तरक्रियामा कोशी प्रदेशभरिका एक सयबढी प्रतिनिधिको सहभागिता रहेको विभागका कोशी प्रदेश संयोजक विज्ञानराज प्रसाईंले जानकारी दिए। कार्यक्रममा पूर्वआप्रवासीहरूको तथ्यांक संकलन, उनीहरूमा रहेको सीप र क्षमताको उपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा अन्तरक्रियात्मक छलफल हुने र छलफलमा उठेका विषयवस्तुको दस्तावेज बनाएर पार्टी केन्द्रीय समितिमा बुझाइने उनले उल्लेख गरे।

# ललितपुरमा महिला उद्यमी मेला

■ प्रभाव संवाददाता

**पाटन–** अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा ललितपुरमा दुई दिने महिला उद्यमी मेला सुरु भएको छ। मंगलबजारस्थित हौगल टोलमा ललितपुर महानगरपालिकाको आयोजनामा शनिबार सुरु भएको उद्यमी मेलाको उद्घाटन महानगरका कार्यवाहक प्रमुख मञ्जली शाक्य बज्राचार्यले गरेका हुन्। मेलामा महिलाको उद्यमशीलतामा उत्पादन भएका हस्तकलाका सामान, ढाकाका लत्ताकपडा, नेवारी खानाका परिकार, अचार, साबुनलगायत वस्तु बिक्रीमा राखिएका छन्।

महानगरका कार्यवाहक प्रमुख बज्राचार्यले अहिलेको आधुनिक समयमा हरेक महिला श्रमका माध्यमबाट सक्षम र सशक्तीकरणमा सफल हुनुपर्नेमा जोड दिए। 'अब महिलाले समान अधिकारको कुरा गर्ने मात्रै होइन, सबै महिला उद्यमी र अत्मनिर्भर हुन सक्नुपर्छ, आफू सक्षम भए अधिकार भनेर माग्नु पर्दैन, हामी पनि सक्षम छौं भनेर देखाउनुपर्छ, आफूभित्र भएको क्षमता र गुणलाई चिनेर सक्षम र सशक्त हुनसक्नुपर्छ।'

उनले महिला उद्यमशील विकास गर्दै पाँच वर्षभित्र सबै महिलालाई उद्यमी बनाउने सोच महानगरको रहेको जानकारी गराए। महानगरपालिकाका प्रवक्ता, सामाजिक विकास समितिका संयोजक एवं वडा नं ९ का अध्यक्ष राजु महर्जनले महानगरभित्र चार सय ७० महिला समूह रहेको जानकारी गराउँदै हरेक वडाले महिला उद्यमशीलताका लागि बजेट विनियोजन गरिरहेको बताए। उनले वडास्तरीय महिला सञ्जालले गरेका कामले आर्थिक सबलीकरण र उद्यमशीलता प्रवर्द्धनका लागि प्रशंसनीय काम हुँदै आएको जानकारी गराए। वडा नं १९ मा अध्यक्ष राजेन्द्र महर्जनले नेपालको इतिहासमा महिलालाई शक्तिका रूपमा पुज्ने सभ्यता रहेको स्मरण गर्दै महिलाविनाको संसारको परिकल्पना हुन नसक्ने बताए।

जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरका सहन्यायाधिवक्ता ममता श्रेष्ठले महिला शिक्षित हुँदा सबै परिवार शिक्षित हुने भन्दै अधिकार, समानता र सशक्तीकरणको कुरा गर्दा शिक्षालाई पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिए।

नेपाल घरेलु तथा साना उद्यमी महासंघ महानगर समितिका संयोजक शैलेन्द्र श्रेष्ठले उद्यमशीलता विकासमा महिलालाई उत्प्रेरित गर्न महानगरलाई आग्रह गर्दै साना उद्यमीको हीतमा महासङ्घ लाग्ने प्रतिबद्धता व्यक्त गरे। उनले महिलालाई उच्च मनोबलका साथ उद्यमशीलतामा लाग्न आग्रह गरे।

# दूधको अवैध ओसारपसारले किसान मर्कामा

**नेपालगञ्ज (प्रस)–** बाँकेका खुला सीमा क्षेत्रबाट दूधको अवैध ओसारपसार हुँदा स्थानीय किसान मर्कामा परेका छन्। जिल्लाका विभिन्न सुइया, खडैचा, जमुनाहा, शिउपुरीलगायत नाकाबाट कम गुणस्तरीय दूध आयात भएर सस्तो मूल्यमा बिक्री वितरण हुँदा स्थानीय किसान मर्कामा परेका हुन्।

दुग्ध उत्पादक सङ्घका केन्द्रीय सदस्य इन्द्रप्रसाद लुइँटेलले खुला सीमा क्षेत्रबाट दैनिक एक हजार लिटर दूध अवैधरूपमा आयात भएको जिकिर गर्दै तत्काल यसको अन्त्य गर्न माग गरे। 'किसानले उत्पादन गरेको दूधबाट व्यापारीलाई भन्दा किसानलाई फाइदा हुनुपर्छ तर भारतबाट आएको अवैध दूधले यहाँको उत्पादनलाई विस्थापन गरेको छ', उनले भने।

लुइँटेलले रू ३० देखि ५० सम्ममा भारतबाट भित्रिएको अवैध दूधको मूल्य रहेको जानकारी दिँदै भारतबाट आउने कम गुणस्तरीय दूध सेवनबाट स्वास्थ्यमा प्रतिकूल असर पर्ने बताए। उत्पादनका आधारमा राज्यले सुविधा दिएर किसानलाई प्रेरित गर्न आग्रह गर्दै उनले अवैध रूपमा भित्रिएको दूधबाट राज्यले कर पनि नपाएको र किसान पनि मर्कामा परेको गुनासो गरे। 'कर्मचारीले नदेखेजस्तो गर्ने र प्रहरी पनि थाहा नपाएजस्तो गरेर अवैध दूधको आयात भइरहेको छ', लुइँटेलले भने। लुम्बिनी प्रदेशका कृषिमन्त्री दिनेश पन्थीले दूधको अवैध ओसारपसार प्रहरी र कर्मचारीबीच समन्वय र सहकार्यमा जोड दिँदै नागरिकका हैसियतले कर्तव्य र दायित्व पूरा गर्न सबैलाई आग्रह गरे।

# कागती खेतीमा रमाउँदै नगरप्रमुख पण्डित

**डुम्रे (तनहुँ)–** समाजसेवा र राजनीतिसँगै व्यावसायिक कृषि कर्ममा पनि सफल भएका छन्, तनहुँको शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डित। व्यावसाय र राजनितिक क्षेत्रमा सफल मानिने नगर प्रमुख पण्डित व्यावसायिक कृषि कर्ममा लागेका छन्।

उनले म्याग्दे गाउँपालिका-४ मा १० रोपनीभन्दा बढी क्षेत्रफल जमिनमा कागती खेती गरिरहेका छन्। चाहना र समय व्यवस्थापन गर्न सके हरेक क्षेत्रबाट उत्पादन तथा आम्दानी लिन सकिने उनको बुझाई छ। उहाँ हरेक बिहान कागती गोडमेल र रेखदेखका लागि केही समय छुट्याएर बारीमा पुग्ने गर्छन्। स्वास्थ्यका लागि समेत बिहान सबेरै उठेर बिरुवाको गोडमेल गर्न उपयुक्त हुने उनी बताउँछन्।

उनी भन्छन्, 'हाल एक हजारभन्दा बढी कागतीका बोटले फल दिन सुरु गरेको छ।' घरायसी प्रयोगका लागि प्रशस्तै पुग्ने भएपनि आगामी वर्षबाट व्यावसायिक रूपमा उत्पादन हुने उनी बताउँछन्। 'आगामी वर्षबाट बजार पठाउने कागती उत्पादन हुनेछ', उनी भन्छन्, 'एक सिजनमा १५-२० हजार किलो कागती उत्पादन हुन्छ।' भुगोल र माटो सुहाउदो खेती गरेकाले बादर लगायतका जंगली जनावरले समेत क्षति पुऱ्याउन नसक्ने र बाँझिएको जमिनको उपयोग हुने नगर प्रमुख पण्डित बताउँछन्।

पृथ्वी राजमार्गबाट छोटो दुरीमा रहेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि



खेती गर्दा युवालाई कृषितर्फ प्रोत्साहन गर्न सकिने उनको बुझाइ छ। सामाजिक व्यक्तित्वले कागजी खेती गरेपछि अन्यलाई समेत यस प्रतिको प्रेरणा मिलेको छ। सामान्यतया कोदो, मकै लगायतका खाद्यान्न लगाउदाँ जंगली जनावरले क्षति पुऱ्याएको भनेर बाँझिदै गएको जमिनमा कागती खेती गरिएको हो।

कोदो, मकै, भटमासलगायतका खेती गर्दा बाँदरलगायतका जंगली जनावरले क्षति पुऱ्याएपछि बाँझो बनेको जमिनमा सामाजिक व्यक्तित्वले कृषि खेती गर्दा अन्यले समेत कागती खेतीतर्फ आकर्षित भएका स्थानीय हेमकुमार कायस्थ बताउँछन्। समाजको नेतृत्व गरिरहनु भएका व्यक्तिले कृषिमा चासो दिएर संलग्न हुने गरेमा उपेक्षित बन्दै गएको कृषि पेशाप्रतिको दृष्टिकोण नै सम्मानित बन्ने उनी बताउँछन्।

नेपाली कांग्रेसकै नेता बालकृष्ण पौडेल पण्डितको जस्तै अन्य जनप्रतिनिधिको देखिने गरि कुनै पेशा व्यावसाय हुनुपर्ने धारणा राख्दैछन्। कृषि पेशा नै उपेक्षित र खेती गर्ने संस्कृति लोप हुँदै जान थालेको अवस्थामा नगर प्रमुखको कृषिप्रतिको लगाव उदाहरणीय भएको उनको भनाइ छ।

उनी भन्छन्, 'गाउँघरमा बाँझो रहेका छन्, उहाँको लगावले युवालाई प्रोत्साहन गर्ने गरेको छ, गाउँघरका बाँझिएका जमिनमा केही गर्न सकिन्छ है भन्ने आशा मेयरको प्रयासले जगाएको छ।' जनप्रतिनिधीहरू समाजका मार्गदर्शक हुन्। समाजलाई परिवर्तन गर्न सक्ने गरी हौसला दिन सक्ने हुनुपर्ने गुण उहाँमा देखिएकोले सर्वसाधारणलाई उत्साहित गराउन सहयोग पुग्ने उनको भनाइ छ।

बजार माग उच्च रहेको कागजी खेतीसँग अब पुर्ख्यौली जमिनमा व्यावसायिक रूपमा मेवा खेती गर्ने नगर प्रमुख पण्डितको तयारी छ। उनी आम्दानीसँगै कृषिको विकास, स्थानीयलाई रोजगारीको अवसर र बाँझिएका जमिनको उपयोगमा सहयोग पुग्ने सोचका साथ कृषि क्षेत्रमा आवद्ध भएको बताउँछन्। भारतबाट ल्याउनुपर्ने कागती समेत यहीँ उत्पादन बृद्धि भएसँगै खपत हुनेछ।

अम्लिय फलफूलको व्यावसायिक खेतीले बाँदरलगायतका जंगली जनावरले क्षति पुऱ्याउन सक्ने छैन। कृषि ज्ञान केन्द्रले बाँदरको बढी आतंक रहेका स्थानमा अम्लिय फलफूल खेतीलाई प्रोत्साहन गर्दै आएको छ। अम्लिय पदार्थलाई बाँदर कम क्षति पुऱ्याउने गरेको पाइएको केन्द्रले जनाएको छ। यहीँ उत्पादन बढाउन सकिएमा कागतीलगायतका तरकारी तथा अम्लिए फलको आयात घटाउन समेत सहयोग पुग्ने कृषि ज्ञान केन्द्रले जनाएको छ। तरकारी तथा फलफूल आयातमा न्यनीकरण गर्नका लागि स्थानीय रूपमा नै जमिन बाँझो बनाउनुभन्दा उपयोगलाई नेतृत्वमा आवद्ध व्यक्तिको भूमिका महत्वपूर्ण हुनेछ। यहीँ उत्पादन गर्न सकिएमा खपत हुनेछ भने आयस्तर नै परिवर्तन हुनुका साथै आत्मनिर्भर हुनेछ। *रासस*

# मकवानपुरमा नयाँ उद्योग दर्ता घट्दो, बन्द हुने क्रम बढ्दो

■ प्रभाव संवाददाता

**बागमती–** मकवानपुरमा पछिल्लो तीन वर्षयता बर्सेनि उद्योग एवं व्यापारिक फर्म हुने क्रम बढ्दो छ। आर्थिकमन्दीका कारण आर्थिक वर्ष २०७८/७९ यता मकवानपुरमा निरन्तर उद्योग एवं व्यापारिक फर्म बन्द हुने क्रम बढ्दै गएको हो। चालु आव २०८१/८२ को सात महिनाको अवधिमा उद्योग र वाणिज्यतर्फका तीन सय छ वटा व्यापार बन्द भएका छन्। उद्योग तथा वाणिज्य कार्यायल मकवानपुरका अनुसार आव २०८१/८२ मा उद्योगतर्फ एक सय २७ र वाणिज्यतर्फका एक सय ७९ उद्योग व्यापारको लगतकट्टा गराएका छन्।

अघिल्लो आव २०८०/८१ मा उद्योगतर्फ दुई सय ६८ र वाणिज्यतर्फका तीन सय ३६ गरी छ सय चार उद्योग व्यापार बन्द भएको थियो। यस्तै आव २०७९/८० मा मकवानपुरमा उद्योगतर्फ एक सय १० र वाणिज्यतर्फ एक सय ७३ गरी दुई सय ८३ उद्योग व्यापारको लगतकट्टा गरिएको थियो भने आव २०७८/७९ मा उद्योगतर्फ एक सय १८ र वाणिज्यतर्फ ७२ गरी एक सय ९० उद्योग व्यापारको लगतकट्टा गरिएको उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसालले जानकारी दिए।

विश्वव्यापी रूपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव, युवाहरू वैदेशिक रोजगारीका लागि विदेशिने क्रम बढ्नु र स्थानीय तहमा पनि उद्योग दर्ता गराउनु पर्नेलगायतका कारणले उद्योग तथा वाणिज्यतर्फका उद्योग व्यापारको लगतकट्टा हुने संख्या बढेको कार्यालय प्रमुख भुसालले बताए।

प्रमुख भुसालका अनुसार मकवानपुरमा बर्सेनि उद्योग व्यवसायको लगतकट्टा बढ्दै जाँदा नयाँ उद्योग व्यवसाय दर्ता भने घट्दै गएको छ। चालु आव २०८१/८२ को सात महिनामा नयाँ उद्योग र वाणिज्यतर्फ चार सय ३० नयाँ व्यवसायी दर्ता भएको छ। चालु आवमा उद्योगतर्फ दुई सय ५७ र वाणिज्यतर्फ एक सय ७३ गरी चार सय ३० नयाँ उद्योग व्यापार दर्ता भएको कार्यालय प्रमुख भुसालले बताए।

जबकी अघिल्लो आव २०८०/८१ मा उद्योगतर्फ तीन सय ६६ र वाणिज्यतर्फ तीन सय ३५ गरी सात सय एक नयाँ उद्योग व्यापार दर्ता भएको थियो। आव २०७९/८९ मा उद्योगतर्फ पाँच सय ७९ र वाणिज्यतर्फ चार सय ३० गरी एक हजार दुई सय ५२ उद्योग व्यापार दर्ता भएको थियो।

चालु आव २०८१/८२ को सात महिनाको अवधिमा नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, लगतकट्टालगायतका शीर्षकबाट रू एक करोड ७० लाख ३२ हजार आठ सय पाँच राजस्व संकलन भएको प्रमुख भुसालले बताए।

लामो समयदेखिको आर्थिकमन्दीका कारण हेटौंडामा सटरको भाडा तिर्न नसक्दा व्यापारी सम्पर्कविहीन हुने क्रम समेत बढ्दै गएका छन्। यसरी सम्पर्कविहीन हुनेमा धेरैजसो सहकारी, स्कुल, सुन पसल, किराना पसल, टेलरिङ, मदिरा पसललगायत चलाएर व्यापार व्यवसाय गर्ने रहेका छन्।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ